लेखापरीक्षण प्रतिवेदन

भिमाद नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

भिमाद नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/620

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

कैफियत सहितको राय

हामीले नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६ करोड ५९ लाख ९२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १५ लाख ९५ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ५३ लाख १८ हजार, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त अनुदान रु. ४६ लाख १३ हजार, ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट प्राप्त अनुदान रु. १ लाख ५० हजार र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट प्राप्त अनुदान रु. ४८ लाख २७ हजार समेत रु. १८ करोड २४ लाख ९५ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्ब ४५ करोड ३५ लाख १७ हजारको लेखापरीक्षण गरिएकोमा रू. ४ करोड १३ लाख ४३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. २ लाख ९५ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. ४ करोड १० लाख ४८ हजार मध्ये असुल गर्नुपर्ने रू. १ करोड ६६ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३४ लाख ४१ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ९ लाख ८२ हजार रहेको छ । गत वर्षसम्म रु. १ करोड ६७ लाख ६३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ४ करोड ७६ लाख ७५ रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४९	५८	४,१३,४३,४०३	०	४	२,९४,९३८	०	४९	५४	४,१०,४८,४६५	१,६६,२४,६६३	१,०९,८२,५१४	१,३४,४१,२८८	०	०	२,४४,२३,८०२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ	१,६७,६३,०००	०	१,०१,३६,५१४	६६,२६,४८६	०	४,१०,४८,४६५	४,७६,७४,९५१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा नं.	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	३७.३	सामाजिक सुरक्षा तर्फः	४,०००
२	२०८०/८१	५३	सडक बोर्डबाट बढी रकम मागः	१,७७,९३९
३	२०८०/८१	५७	ढिला बीमा गराएकोः	१,१२,९९९
४	२०७९/८०	३१	स्यानेटरी प्याडः	६,८६,३३६
५	२०७९/८०	१९	सुरक्षित नागरिक आवास कार्यक्रम :	४९,०५,०००
६	२०७९/८०	१३	सामुदायिक वनबाट आय:	७९,११५
७	२०७९/८०	२६	मापदण्ड विपरित आर्थिक सहायता:	८५,०००
८	२०७९/८०	६.३	प्रकोप व्यवस्थापन कोष चालु तथा पूँजिगत कार्यक्रमहरु:	९,९६,२०८
९	२०७९/८०	३	दुर्घटना भएको एम्बुलेन्स मर्मत:	६,०९,१३८
१०	२०७९/८०	२०.१	अवलोकन भ्रमण:	९,५०,०००
११	२०७८/७९	३८	स्रोत व्यक्तिः	६,४८,८१७
१२	२०७८/७९	४४	समूह मार्फत खरिद:	११,५२,५००
१३	२०७८/७९	६२	वढी भुक्तानीः	२४,४००
जम्मा				१,०४,३१,४५२

(८०४३८४०२३०० - भिमाद नगरपालिका, तनहुँ)

परिचय

१ **परिचय**

क) कार्यालय परिचयः- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्वेश्य रहेको छ ।

ख) लेखापरीक्षणको उद्देश्यः- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधिः- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।११।०२ देखि २०८१।११।०६ सम्म रहेको छ ।

घ) लेखापरीक्षण विधिः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरू सँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

ङ) लेखापरीक्षणको सीमाः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

च) आर्थिक कारोबारको स्थितिः- पालिकाको गत वर्षको जिम्मेवारी तर्फ रु. ४६७८०१५८.६५ समेत यस वर्षको आम्दानी रु. ७७३९१२५७३.४९, व्ययतर्फ कुल खर्च रु. ७२६३८४१०७.१४ र यस वर्षको बाँकी मौज्दात रु. ४७५२८४६६.३५ रहेकोमा रु. १ अर्ब ४५ करोड ३५ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

• ऐनको दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्याङ्कमा एक रुपता देखिएको छैन।

• कतिपय सन्दर्भमा भ्रमण अभिलेख नै नराखी भ्रमण जाने गरेको देखिएको छ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई उपभोग र वितरणमुखी रुपमा कार्यक्रम सञ्चालन भएको देखिएको छ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही भएको छैन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन।

• बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ । म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख राखेको छैन।

• पालिकाले म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म.ले.प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेहुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ आन्तरिक आयको योगदानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
९८८४३६०५	१६१८२३००	१६.३७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १६.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०, २७२ र २७५) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण वापत रु. १६५९९१९५२, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम वापत रु. १५९५०००, एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रम वापत रु. ५३१८०००, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त रु. ४६१२९५१, उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालयबाट प्राप्त रु. १५००००, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय वापत रु. ४८२७०००, गरी जम्मा रु. १८२४९४९०३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **सञ्चित कोषको मौज्दातः**

पालिकाको आर्थिक अवस्था देखाउन प्रयोग गरिने प्रमुख स्रोतको रुपमा यसको मौज्दातको अवस्थालाई लिईन्छ त्यसैले यसलाई मजबुद बनाउनु पर्दछ । पालिकाको आर्थिक वर्ष २०७८।७९ मा कुल रु. ६५,३१,८७२०.९२ मौजदात रहेकोमा आर्थिक वर्ष २०७९/८० मा रु. ४,६७,८०,१५८.७३ रहेको तथा आर्थिक वर्ष २०८०/८१ मा रु. ३,०८,००,०५३.६२ मौजदात रहेको देखियो । विगत तीन वर्ष पहिले अथवा आर्थिक वर्ष २०७८।७९ मा रहेको मौज्दात यस आर्थिक वर्ष सम्ममा रु. ३ करोड ४५ लाख भन्दा बढीले घटेको देखियो । पालिकाले बजेट बिनियोजन गर्दा मौज्दात रकमबाट खर्च गर्ने गरी योजना थप गर्ने गरेकोले सो मौज्दात घटेको देखिन्छ । वास्तविक आम्दानीका आधारमा खर्च गर्ने गरी बजेट विनियोजन हुनु पर्नेमा मौज्दातबाट समेत खर्च गर्ने गरी बजेट विनियोजन गरिँदा प्रत्येक वर्ष पालिकाको मौज्दात घट्दै गएको देखिँदा मौज्दातबाट बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

सि.नं.	आर्थिक वर्ष	कुल मौज्दात (संचितकोष मात्र)
१	२०७८/७९	६५३१८७२०.९२
२	२०७९/८०	४६७८०१५८.७३
३	२०८०/८१	३०८०००५३.६२

६ **त्रैमासिक पुँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेटउपशिर्षक	कुलखर्च	त्रैमासिक खर्च				आषाढमहिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
नगरपालिकापुँजीगत	१४५३१२७७२	१२२२७३९७	९९४३७२१	३९६०११८८	८३५४०४६६	५०४९१५१६
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	१६६९१०२५	०	०	०	१६६९१०२५	१६६९१०२५
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	९२३८९०१	०	०	२००००००	७२३८९०१	७२३८९०१
जम्मा खर्च	**१७१२४२६९८**	**१२२२७३९७**	**९९४३७२१**	**४१६०११८८**	**१०७४७०३९२**	**७४४२१४४२**
खर्चप्रतिशत	**१००**	**७.१४**	**५.८१**	**२४.२९**	**६२.७६**	**४३.४६**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १७,१२,४२,६९८.०० पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,२२,२७,३९७.०० (७.१४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ९९,४३,७२१.०० (५.८१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.

४,१६,०१,१८८.०० (२४.२९ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १०,७४,७०,३९२ (६२.७६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७,४४,२१,४४२.०० (४३.४६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पूर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

क्र.सं.	**क्षेत्र/उपक्षेत्र**	**विनियोजन**	**खर्च**	**खर्च (%)**
१	आर्थिक विकास	३६२००००००	२५९८०७६७	७१.७७
२	सामाजिक विकास	३४८४८५८७०	२९८४७२५३८.३६	८५.६५
३	पूर्वाधार विकास	१३६४८०००००	११५७०८९७३	८४.७८
४	सुशासन तथाअन्तर सम्बन्धित क्षेत्र	१६६३५०००	९९५१४०१	५९.८२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१०६२३००००	८३७६९८२१.४२	७८.८६
कुल जम्मा		**६४४०३०८७०**	**५३३८८३५००.७८**	**८२.८९**

पालिकाले क्षेत्रगत वार्षिक बजेट सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम ५९.८२ प्रतिशत तथा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८५.६५ प्रतिशत खर्च गरेको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

८ **खर्च विश्लेषणः**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १,६१,८२,३००.०० राजस्व बाँडफाँडबाट रु. ८,७२,७०,६५२.३२, गण्डकी प्रदेश समानीकरण अनुदानबाट रु. १,१०,३४,७५०.०० र संघीय समानीकरण अनुदानबाट रु. १०,४३,४६,००१.३८ समेत कुल रु. २१,८८,३३,७०३.७० आम्दानी भएकोमा चालु तर्फ रु. ३६,२६,४०,८०२.७८ र पूँजिगत तर्फ रु. १७,१२,४२,६९८.०० समेत रु. ५३,३८,८३,५००.७८ खर्च भएको र खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.०३ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु. १,४१,९२,०००.०० खर्च भएको छ जुन आन्तरिक आयको ८७.७० प्रतिशत रहेको छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्शाङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१० **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हाल सम्म ३० वटा ऐन, १३ वटा नियमावली, २ वटा निर्देशिका, ४३ वटा कार्यविधि तथा ६ वटा अन्य गरी जम्मा ९४ कानुन स्वीकृत गरेको छ । तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत हुनुपर्दछ ।

११ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी ८ र यस वर्ष दर्ता भएको ४१ समेत जम्मा ४९ विवादमध्ये ३२ वटा विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई १७ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१२ **बजेट सिमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले बिषयगत शाखालाई उपलब्ध गराएको पाइएन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **योजनाको प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसारका ३३५ योजनामा बजेट विनियोजन गरेको छ ।

क्र.सं.	विवरण	योजना संख्या	रकम रु.
१	रु. १ लाख भन्दा कमको योजना	४१	३९१२३२७
२	रु. १ लाख देखि ५ लाखसम्मका योजना	२५२	६७००६९२३
३	रु. ५ लाख देखि १० लाखसम्मका योजना	४०	२९१३४२०५
४	रु. १० लाख देखि ५० लाख सम्मका योजना	२	२३०००००
	जम्मा	३३५	१०२३५३४५५

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये कतिपय योजनामा शुन्य प्रगति देखिएको हुदा कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१५ **जिन्सी व्यवस्थापनः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरु आम्दानी र खर्चको अभिलेख राख्नु पर्ने तथा जिन्सी निरीक्षण गराई प्रतिवेदनमा उल्लेख भए बमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने व्यवस्था छ । पालिकाको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार डेस्कटप कम्प्युटर, मोबाइल सेट, ल्यापटप, प्रिन्टर, क्यामेरा लगायत ७४ प्रकारका ५६४ थान विभिन्न सामग्रीहरु लिलाम गर्नुपर्ने भनी प्रतिवेदनमा उल्लेख भए पनि उल्लेखित जिन्सी सामानहरु लिलाम गर्नुपर्ने कारण सम्बन्धमा केही पनि कैफियत जनाइएको पाइएन । जिन्सी सामानको अवस्था हेरी मर्मत सम्भार गरी उपयोग गर्न सकिने भएमा मर्मत गरी उपयोग गर्नुपर्दछ भने मर्मत नहुने भएमा लिलामको प्रकृयामा जानुपर्दछ । तर पालिकाले हालसम्म जिन्सी सामग्रीको लिलाम प्रकृया नै अघि बढाएको नदेखिएकोले नियमावलीमा तोकिएबमोजिम जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वियन मार्फत जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ । त्यसै गरी एकथान ल्यापटप र एकथान फ्रिज जिन्सी लगत खातामा अभिलेख भएको तर भौतिक रुपमा नभेटिएको उल्लेख भएकोमा कार्यालयसँग सो को विवरण माग गर्दा एक थान Intel core i5, 6th gen pro 500GB HDD, 400GB Ram, 2GB graphics रु. ६९५००.०० को ल्यापटप र 210 ltr. D freez एक थान रु. ३००००.३७ गरी कुल रु. ९९५००.३७ मुल्य कायम भएका समान रहेको पाईयो । यसरी खरिद गरी कार्यालयको जिन्सी खातामा दाखिला गरिएका ति सामान पालिकाले हस्तान्तरण गरेको व्यक्तिबाट फिर्ता ल्याउनु पर्ने अन्यथा कानून बमोजिम असुल हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	९९,५००

१६ **सेवा प्रवाह विवरणः**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ ।

विवरण	जम्मा
घरजग्गा नक्शा पास	१३
जन्म दर्ता	७४०
मृत्यु दर्ता	३०७
विवाह दर्ता	३७०
बसाइँसराई दर्ता	१६६
सम्बन्ध विच्छेद दर्ता	८७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ ।

१७ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापनः**

पालिकाको प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् ।

१७.१ **दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका

आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा तपशिल बमोजिम ११६ जना कर्मचारी कार्यरत रहेको पाइयो । पालिकाले उपलब्ध गराएको जानकारी अनुसार हाल स्वीकृत दरबन्दी मध्ये नवौँ तहको सिनियर डिभिजनल ईन्जिनियर, प्रशासन तर्फ ७ जना, कृषि तथा पशु सेवातर्फ ४ जना र स्वास्थ्य तर्फ ३ जनाको पद रिक्त छ भने दरबन्दी बाहिर एक जना ईन्जिनियर करारमा कार्यरत रहेको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ । तसर्थ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

कर्मचारीको प्रकार	दरबन्दी	कार्यरत	कैफियत
प्रशासन तर्फ	२४	१७	रिक्तः ३ सहायक पाँचौ,४ सहायक चौथो
प्राविधिक तर्फ	१०	१०	रिक्तः १ सि.डी.ई.,३ सब-ईन्जिनियर (करार), १ अमिन (करार), *१ ईन्जिनियर दरबन्दी बाहिर करारमा कार्यरत*
शिक्षा तर्फ	३	३	
कम्प्युटर अपरेटर	१	१	(विविध सेवा) करारमा कार्यरत
कृषि तथा पशु सेवा तर्फ	१२	८	रिक्तः १ कृषि अधिकृत, १ प्रा.स.,२ ना.प्रा.स.
स्वास्थ्य तर्फ	३५	३२	रिक्तः २ अ.हे.व.,१ अ.न.मी.
विविध सेवा	३	३	महिला विकास
कार्यालय सहयोगी		३४	
सवारी चालक		२	
नगर प्रहरी		६	
जम्मा कार्यरत कर्मचारी		११६	(कार्यक्रम बाहेक)

१७.२ **दरबन्दी बेगर कर्मचारीः** पालिकामा विगतमा छैटौँ तहको ईन्जिनियर पद रिक्त रहेकोले करारबाट पदपूर्ति भएकोमा २०८१।०२।१७ देखि स्थायी पदपूर्ति भए पछि पनि करारको कर्मचारीको सेवा करारलाई लेखापरीक्षण अवधि (२०८१।११।०६) सम्म पनि निरन्तरता दिएको पाइयो । दरबन्दी बेगरका करारको कर्मचारीलाई समेत पारिश्रमिक लगायत सेवासुविधा भुक्तानी गर्नुपर्दा पालिकाको व्ययभार बढेको छ । दरबन्दी बेगर कर्मचारी नियुक्तिलाई बन्द गर्नुपर्नेमा दरबन्दी बेगर करारका कर्मचारीको सेवा करार कायम राखी तपशिल बमोजिम पालिकालाई रु. ७६९५४.२३ थप व्ययभार पारेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

आर्थिक वर्ष ०८०।८१ मा दरबन्दी बाहिर सेवा करार कायमरहेको कारण पालिकालाई थप व्ययभार						
क्र.सं.	**करार कर्मचारीको नाम**	**पद**	**मासिक पारिश्रमिक रु.**	**फिल्ड भत्ता रु.**	**जम्मा**	**कैफियत**
१	युकेश श्रेष्ठ	ईन्जिनियर (छैटौँ)	४३६८९	१००००	५३६८९	जेठ १७ देखि असार मसान्त
	जम्मा रु.				७६९५४.२३	

अनियमित भएको	७६,९५४

१८ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा तथा पालिकाको आन्तरिक आम्दानीको अवस्था तथाआर्थिक सहायता समबध्मा बजेट आर्थिक स विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण कार्य पारदर्शिता र जवाफदेहि बनाउन यसरी

सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ । पालिकाले आर्थिक सहायता वितरणलाई व्यवस्थित गर्न आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले यो वर्ष आर्थिक सहायता खर्च शिर्षक बाट बिपन्न तथा आपतकालिन अवस्थामा आर्थिक सहायता वापत नगर प्रमुखको तोक आदेशबाट २७ जना व्यक्तिलाई न्यूनतम रु. ५,०००.०० देखि अधिकतम रु. ४८,०००.०० सम्म गरी रु. ३,२३,०००.००,आर्थिक सहायता वितरण गरेो पाईयो । साथै पालिकाको आर्थिक सहायता वितरण गरेको विवरण वेभसाईटमा सार्वजनिक गरेको नदेखिएकोले आगामी दिनमा आर्थिक सहायता वितरण गर्दा अन्य निकायबाट समेत सहायता लिए नलिएको सम्बन्धमा स्पष्ठ भई पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सहायता दिनु पर्दछ । साथै आर्थिक सहायता प्रदान भएको रकम र पाउनेको बिवरण सार्बजनिक गर्नुपर्दछ।

१९ **वस्तुगत सहायताः**

पालिकाले नगर प्रमुखको तोक आदेश र कार्यपालिकाको निर्णयका आधारमा वितरण गर्ने गरी अन्य खानेपानी योजनाहरु (खानेपानी पाईप खरिद तथा वितरण) शिर्षकबाट विभिन्न व्यक्तिलाई पाईप खरिद बापत रु. ६,०९,६३४.०० तथा विभिन्न विद्ययालयको फर्निचर, तारबार तथा प्रिन्टर खरिद शिर्षकबाट रु. ९,६४,३९४.०० गरी कुल रु. १५,७४,०२८ वितरण गरेको पाईयो । आर्थिक सहायता शिर्षकबाट नगर प्रमुखको तोक आदेश तथा कार्य पालिकाको निर्णयबाट नगदै वितरण गरेको तथा विद्यालयहरुको सहयोगार्थ भवन मर्मत गर्ने, घेराबारा लगाउने, शौचालय निर्माण गर्ने, पुस्तकालय निर्माण तथा अन्य विविध सहयोगको लागी छुट्टै योजना बनाएर बजेटबाटै व्यवस्था गरेको अवस्थामा समेत यसरी पुनः छुट्टै शिर्षक राखी तोक आदेशका आधारमा भुक्तानी गर्नेकार्य नियम सम्मत देखिएन । पालिकाले यसरी नगद वितरण गरेको अवस्थामा समेत पुनः वस्तुगत सहायताका साथै विद्यालयलाई तोक आदेशका आधारमा विभिन्न मसलन्द समाग्री वितरण गर्ने कार्य नियमित हुनु पर्ने रु.

अनियमित भएको	१५,७४,०२८

२० **अन्तरनिकाय समन्वयः**

विकास निर्माणका कार्य संचालन गर्दा सरकारका तहहरुबिचमा संविधान, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ तथा अन्य ऐन तथा कानुन अनुसार समन्वय तथा सहकार्य गरी योजनाको कार्यान्वयन हुनु पर्दछ । विकास निर्माणमा तहगत सरकारका बिचमा समन्वय नहुदा योजनामा दोहोरोपना हुने, खर्चको उपयोगिता नदेखिने, योजना प्रभावकारी रुपमा संचालन समेत हुन नसक्ने अवस्था रहने हुँदा एक आपसमा समन्वय र सहकार्य गरेर निर्माण कार्य गरिनु पर्दछ । यस पालिकाबाट आर्थिक वर्ष २०७९।८० मा निर्माण भएको भिम देउराली मोटरबाटो स्तरोन्नती कार्यको भुक्तानी यस आर्थिक वर्षमा गरिएकोमा पूर्वाधार विकास कार्यालय, तनहुँ बाट सो स्थानमा नयाँ ठेक्का आह्वान गरी निर्माण कार्य प्रारम्भ भएको स्थलगत अवलोकन बाट देखियो । पालिकाले रु. १९,५८,९७१.८७ को लागत अनुमान स्वीकृत गरी निर्माण कार्य प्रक्रिया शुरू गरी गरी रु. ७,५३,९८३.३८ को कार्य भएको मा रु. ६,७३,०८८.०० भुक्तानी भएको अवस्थामा सोही वर्ष नयाँ ठेक्का लगाई निर्माण कार्य गराउदा पालिकाले सो आयोजनामा गरेको खर्च उपयोग विहिन देखिएकोछ । अन्तर तह सरकार बिचमा समन्वय गरी सीमिति स्रोतको बढी भन्दा बढी सदुपयोग हुने र योजनामा दोहोरो पना नहुने गरी सहकार्यमा रहेर योजना कार्यान्वयन गरिनु पर्दछ ।

२१ **जग्गाको स्वामित्व बेगर संरचना निर्माणमा खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा

अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । पालिकाले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका केही उदाहरण सहितको विवरण देहाय अनुसार रहेको छ ।

क्र.सं.	योजनाको नाम	गो.भौ.नं. र मिति	भुक्तानी रकम
१	नवदुर्गा सामुदायिक भवन मर्मत सम्भार	४४७-२०८१।०३।२४	७३८३८२
२	कोटदेवी आमा समुह अधुरो भवन निर्माण	४७०-२०८१।०३।२४	२७४३१८
३	थामडाडा सामुदायिक भवन निर्माण	४०७-२०८१।०३।१९	६७२४२९
४	बाराही अधुरो समुदायिक भवन निर्माण	२७१-२९८१।०१।२२	२८७६३५
५	आस्पादी सामुदायिक भवन	२६४-२०८१।०१।२१	२५९८६१
६	दुर्गादेवी आमा समुह भवन निर्माण	२५८-२९८१।०१।२०	३८८९२७
७	मिलिजुलीकानुङ्ग सामुदायिक भवन	२५१-२०८१।०१।१८	४३९९९७
८	चुण्डी आमासमुह भवन निर्माण	२४३-२०८१।०१।१८	३५०२०२
९	साईटाडी आमा समुह भवन निर्माण	२३७-२०८१।०१।१६	१८२०२९
१०	अठ्ठाईस बाउन्दी सामुदायिक भवन	२२७-२०८१।०१।१६	१८१३७८
११	सिद्दगुफा नमुना आमा समुह	२२२-२०८१।०१।१३	२९२४०८
जम्मा			**४०६७५६६**

२२ **जमानतको ढाँचाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानत विड डकुमेन्टमा उल्लेख भएको फर्मेट अनुसारको रहे नरहेको र सो जमानतमा कुनै शर्त रहे नरहेको निक्यौंल गरेर मात्र लिनु पर्ने हुन्छ । शर्त सहितको कार्य सम्पादन जमानत तथा पेश्की जमानतका आधारमा सो जमानतको दावी माग गर्दा त्यस्तो जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थाले सो जमानतमा राखेको त्यहि शर्तका आधारमा दावी दिन नमिल्ने व्यहोरा सहित जानकी दिने गरेको देखिन्छ । आयोजनाले देहायका ठेक्काहरुमा सम्झौताका बखत पेस गरेका कार्यसम्पादन जमानत र पेश्की भुक्तानी गर्दा पेस गरेका पेश्की जमानतमा सर्त सहितको जमानत लिएको हुदा देहाय बमोजिमका निर्माण व्यवसायीहरुबाट शर्त रहितको बैंक जमानत लिएको प्रमाण पेश गर्न लगाई सम्झौता गर्नु पर्दछ ।

क्र.सं.	योजनाको नाम	जमानतको प्रकार	जमानत रकम	कैफियत
१	किहुमार्ग कालोपत्रे योजना	कार्यसम्पादन	९०४५००	विड डकुमेन्टको ढाँचामा नभएको
२	थुम्की डाँडा खानेपानीयोजना	कार्यसम्पादन	३१६२००	विड डकुमेन्टको ढाँचामा नभएको
३	रिसिङ्ग पाटन आमडाडासडक	कार्यसम्पादन	२३१४१००	विड डकुमेन्टको ढाँचामा नभएको
४	सिद्दगुफा मोटरमार्गस्तरोन्नती	कार्यसम्पादन	२२४१००	विड डकुमेन्टको ढाँचामा नभएको
५	दैकेडाडा गिद्दे गुफामोटरबाटो	कार्यसम्पादन	१७०५००	विड डकुमेन्टको ढाँचामा नभएको
६	प्राविधिक शिक्षालय देखि देउराली निस्कने बाटो	कार्यसम्पादन	२७२३००	विड डकुमेन्टको ढाँचामा नभएको
७	वडा १ र २ कार्यालय भवन स्तरोन्नती	कार्यसम्पादन	४००५००	विड डकुमेन्टको ढाँचामा नभएको
जम्मा			४६०२२००	

२३ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको २०८०।८१ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १८०००,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. १,६१,८२,३००.७० अर्थात अनुमानको ८९.९० प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२४ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	आम्दानी	आम्दानी %
१	सम्पती कर	१५०५०००	१३३३०४९.८	८८.५७
२	भुमिकर/मालपोत	१६१००००	१५१४४३२.०	९४.०६
३	वहाल कर	१६०५०००	१४९६९३२.०	९३.२७
४	वहालविटौरी कर	७४५०००	४२७३७९.०	५७.३७
५	सवारी साधनकर (साना सवारी)	२००००	०.००	०.
६	अन्यमनोरञ्जन कर	१५०००	१००.००	०.६७
७	व्यवसायलेभुक्तानी गर्ने	७०००००	५०५३२०.०	७२.१९
८	अन्य कर	०.००	१४९१३०६.०	०.
९	कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम	०.००	१००७८७.०	०.
१०	सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम	५५०००	०.००	०.
११	अन्यबिक्रीबाट प्राप्त रकम	६१८७०००	३०००.०	०.०५
१२	अन्य सेवाशुल्क तथा बिक्री	११००००	१८००.०	१.६४
१३	न्यायिकदस्तूर	११०००	१०५३०.०	९५.७३
१४	शिक्षाक्षेत्रको आम्दानी	२७५००	१३४००.०	४८.७३
१५	परीक्षाशुल्क	४९५००	२९९००.०	६०.४
१६	अन्यप्रशासनिक सेवा शुल्क	२२००००	२६८४०४.०	१२२.
१७	नक्सापासदस्तुर	७०००००	५६३८१.०	८.०५
१८	सिफारिशदस्तुर	२९०००००	४१४३७००.०	१४२.८९
१९	व्यक्तिगतघटना दर्ता दस्तुर	३४००००	९०५०५०.०	२६६.१९
२०	नाताप्रमाणित दस्तुर	२०००००	४२८२००.०	२१४.१
२१	अन्यदस्तुर	२०००००	६५२७५३.०	३२६.३८
२२	व्यावसायरजिष्ट्रेशन दस्तुर	०.००	१८०२४७.०	०.
२३	जलस्रोतसम्बन्धी अन्य दस्तुर	०.००	३८०५०.०	०.
२४	प्रशासनिकदण्ड, जरिवाना र जफत	६०००००	१०९८४९.०	१८.३१
२५	अन्यराजस्व	२०००००	२१०९४१३.८	१०५४.७१
२६	व्यवसाय कर	०.००	१००००.०	०.
२७	बेरूजू	०.००	३५२३१७.०	०.
जम्मा		**१८००००००**	**१६१८२३००.७**	**८९.९**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु. १,८०,००,०००.०० असुली हुने अनुमान गरेकोमा रु १,६१,८२,३००.७० मात्र असुली गरेको छ जुन असुली अनुमानको ८९.९० प्रतिशत देखिए तापनि कतिपय आम्दानी शिर्षकमा

असुली शुन्य देखिन्छ । अनुमान गरिएको शिर्षक अनुसारको असुली र कतिपय शिर्षकमा अनुमाननै न्यून गरिएको देखिदा अनुमान बढाई सोहि अनुसारको आम्दानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

२५ **व्यवसाय दर्ता तथा नवीकरण शुल्कः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १,८०,२४७.०० कर सङ्कलन गरेको देखियो । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको नदेखिदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२६ **सिफारिस दस्तुरः**

पालिकाको सभाबाट निर्धारण गरे बमोजिम शुल्क असुली हुनु पर्दछ । आ.व. २०८०।८१ को ली १७ प्रकारका सिफारिस शुल्क लिने गरी अनुसुची-१८ मा व्यवस्था गरेकोमा प्रतिवेदन गर्दा एकमुष्ट सिफारिस शुल्क भुक्तानी देखिएकोले १७ प्रकारका सिफारिसगत शुल्क असुली यकिन गर्न सकिएन । सभाले तोकेबमोजिम शुल्क असुली तथा अभिलेख हुनुपर्ने तथा आन्तरिक नियन्त्रणको लागी सिफारिस सम्बन्धी चलानी र शुल्क असुली भिडान हुनु पर्ने देखिन्छ ।

२७ **सामुदायिक वनबाट आयः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

२८ **आय ठेक्काः**

पालिकाले गत आर्थिक वर्षमा आ.ई.ई. भएको सेती नदिका विभिन्न ८ वटा घाटमा नदिजन्य पदार्थ दहत्तर बहत्तर संकलनको लागी आय ठेक्का सम्बन्धी सुचना प्रकासन गरेकोमा ३ वटा ठेक्का लागेको पाईयो भने यो वर्ष आ.ई.ई. गरेको क्याङ्गदी दोभान बगर र भिमाद-७ सिस्नेरीघाँटमा आय ठेक्काको सुचना निकालेकोमा कुनै पनी बोलपत्र पेश भएको पाईएन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् ।

२८.१ **एकमुष्ट भुक्तानी छुटः** पालिकाको सभाको स्वीकृति बेगर सभाबाट पारित करका दरमा छुट दिन मिल्दैन । पालिकाले आर्थिक ऐन, २०७८ कार्यान्वयन गर्न बनेको मापदण्डलाई आधार मानी आय ठेक्काको सुचनामै ५ प्रतिशत छुटको व्यवस्था गरेको पाईयो । पालिकाले यस वर्ष स्वीकृत गरेको आय ठेक्काको सम्झौता रकममा सभाको स्वीकृति बिना छुट दिएको कारण पालिकालाई रु. १५६९५३.०० आय नोक्सान भएको देखिन्छ । कनुनी व्यवस्था बेगर देहाय अनुसार छुट भएको रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु.

सि.नं.	घाट	छुट पाउने कवोलकर्ता	छुट प्राप्त गरेको रु.
१	दब्ल्याङ्ग घाट	तुलसी लक्ष्मी कन्सट्रक्सन	१२१८५
२	माथिल्लो झकास	एल.पी. कन्सट्रक्सन एण्ड सप्लायर्स	१०८५९९
३	बोदरकुना माथिल्लो	वि.ए.सि.टी. कन्सट्रक्सन	३६१६९
जम्मा			१५६९५३

असुल गर्नुपर्ने	१,५६,९५३

२८.२ **स्थानीय उत्पादन शुल्कः** पालिकाको सभाबाट स्वीकृत आर्थिक ऐनको दफा १७ मा अनुसुची १६ मा उल्लेख भएबमोजिम स्थानीय उत्पादन शुल्क असुल गरिने उल्लेख छ । पालिकाले उक्त अनुसुचीमा स्थानीय रुपमा उल्पादन हुने ढुंगा, गिट्टि, वालुवामा २.५

प्रतिशतका दरले स्थानीय शुल्क उठाउने व्यवस्था गरे बमोजिम ढुंगा, गिट्टि, वालुवा लगायतका ठेक्कामा रु. १३८४५०५.०० आय असुली छुट भएको देखिन्छ । भिमाद नगरपालिकाको कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०८० को दफा ५०(१) मा नगरपालिका क्षेत्र भन्दा बाहिर निकासी हुने उत्पादनमा मात्र स्थानीय शुल्क लगाउने व्यवस्था गरे बमोजिम आर्थिक ऐनको अनुसुचि अनुसारको २.५ प्रतिशत स्थानीय शुल्क असुल नगरेको कार्यालयको भनाई रहेको छ । आर्थिक ऐनकै अनुसुचिमा समेत निकासी हुदा लाग्ने कर तथा उत्पादनमै लाग्ने गरी छुट्याईएको सो अनुसुचिमा ढुंगा, गिट्टि, वालुवा तथा स्लेटमा स्थानीय उत्पादनमै कर लाग्ने तर अन्य वस्तुमा निकासीमा लाग्ने भनी स्पष्ट उल्लेख गरेको अवस्थामा ऐनमा व्यवस्था गरी निकासीमा मात्र लागु हुने गरी व्यवस्था गरेको पाईयो । यसरी आर्थिक ऐन र कर तथा गैर कर राजश्व सम्बन्धी ऐनमा दुविधा हुने गरी व्यवस्था गर्दा पालिकाले रु. १३८४५०५.०० राजश्व गुमाएको देखियो । पालिकाले यसरी राजश्वका दर सम्बन्धि व्यवस्था गर्दा आर्थिक ऐन तथा अन्य ऐनमा दोहोरो अर्थ नलाग्ने गरी व्यवस्था गर्नु पर्ने देखिन्छ ।

सि.नं.	घाट	छुट पाउने कवोलकर्ता	घन फिट	प्रति घ.फि. रु. २.५ ले हुने उत्पादन शुल्क रकम
१	दब्ल्याङ्ग घाट	तुलसी लक्ष्मी कन्सट्रक्सन	१३६६१४.४	३४१६३६
२	माथिल्लो झकास	एल.पी. कन्सट्रक्सन एण्ड सप्लायर्स	१५३७३९.७	३८४३४९.२५
३	बोदरकुना माथिल्लो	वि.ए.सि.टी. कन्सट्रक्सन	२६३४४७.९	६५८६१९.७५
जम्मा				१३८४५०५

२९ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष नगर कार्यपालिका निर्णय अनुसार सडक सिंचाई तथा अन्य भौतिक पुर्वाधार निर्माण वापत रु. ६१ लाख ५० हजार बजेट विनियोजन गरेकोमा रु. ५६ लाख ५३ हजार २९६ खर्च गरेको, लागत सहभागिताबाट संचालित योजनामा रु. १ करोड ४२ लाख विनियोजन गरेकोमा रु. १ करोड २६ लाख ३७ हजार ८४२, वडा समितिको निर्णय अनुसार सडक तथा अन्य भौतिक पुर्वाधार निर्माण शिर्षकमा रु. ३९ लाख विनियोजन गरिएकोमा रु. ३१ लाख १७ हजार ५४० खर्च र शिक्षा युवा तथा खेलकुद शाखाको प्रस्तावमा शैक्षिक कार्यक्रम संचालन शिर्षकमा रु. १४ लाख ६५ हजार विनियोजन गरी रु. ६ लाख ९७ हजार ५६६ खर्च गरी कुल रु. २ करोड ५७ लाख १५ हजार बजेट अवण्डा राखी रु. २ करोड २१ लाख ०६ हजार २४४ खर्च गरेको छ । उक्त अबण्डा रकम बजेटमै व्यवस्था गरी विभिन्न कार्यपालिकाको निर्णय तथा वडा समितिका निर्णयबाट खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

३० **सभाको अनुमोदनः**

पालिकाको सभाबाट स्वीकृत भए वमोजिम योजना कार्यान्वयन हुनु पर्दछ । आर्थिक वर्ष २०८०।८१ को लागी पालिकाको मिति २०८०।०३।१५ मा सम्पन्न १४औँ सभाबाट निम्नानुसारका ९ वटा योजनाको लागी स्वीकृत भएको रु. २८ लाख सभाको स्वीकृती तथा अनुमोदन बेगर अन्य योजनामा रकमान्तर तथा संसोधन गरेको पाईयो । कार्यपालिकाले मिति २०८०।०६।११ मा निर्णय गरी अन्य योजनाहरुमा रकमान्तर गरेको निर्णय नगर सभाबाट अनुमोदन भएको नदेखिएकोले सभाको अनुमोदन बेगर भएको रकमान्तर नियम सम्मत नदेखिएकोले नियमित हुनु पर्ने रु.

क्र.सं.	साविक योजनाको नाम	विनियोजित बजेट	संशोधन भै कायम हुने योजनाको नाम	कायम हुने बजेट	कैफियत
१	नमुना दलित वस्ती भित्री मार्ग स्तरोन्नती योजना सि.नं. २१	३.०० लाख	मुडुली चौतारी ज्येष्ठ नागरिक भलाकुसारी केन्द्र निर्माण	३.०० लाख	नयाँ योजनामा स्थानान्तरण
२	लहरेनी मोटरमार्ग स्तरोन्नती योजना सि.नं. ११	९.५० लाख	सचेतना मोटरमार्ग स्तरोन्नती योजना (सि.नं. २० मा थप)	१४.५० लाख	साविकको योजनामा थप
३	सिस्नेरी ठुलाफाँट भित्री मोटरमार्ग स्तरोन्नती योजना सि.नं. ९	३.०० लाख	कोटभैरव मोटरमार्ग स्तरोन्नती योजना (सि.नं. २३ मा थप)	८.०० लाख	साविकको योजनामा थप गरी जिरो खण्ड स्तरोन्नती गर्ने
४	आपस्वारा सिद्धगुफा लम्केटारी मोटरमार्ग स्तरोन्नती योजना सि.नं. २२	२.०० लाख	लम्केटारी मौरीढुङ्गा खुरडाडा मोटरमार्ग स्तरोन्नती योजना	२.०० लाख	संशोधन
५	वन्दिछाप पधेरो मर्मत योजना सि.नं. ३६	२.०० लाख	वन्दीछाप पधेरो जाने वाटो निर्माण योजना	२.०० लाख	संशोधन
६	दुध मिसन कार्यक्रम (सि.नं. २)	२.०० लाख	ठुलो हटिया थुम्का खानेपानी टंकी निर्माण योजना (सि.नं. २००)	१०.०० लाख	साविक नगर तर्फको योजनामा थप
७	हटिया रिङरोड स्तरोन्नती तथा रेलिङ जाली छेकावार योजना सि.नं. १८	३.०० लाख			
८	खेलमैदान देखि कोटेली सम्म पर्यटन पदमार्ग निर्माण योजना सि.नं. १७	२.०० लाख	खेलमैदान देखि कोटेली सम्म पर्यटन पदमार्ग निर्माण योजना (प्र.म.)	२.०० लाख	प्र.म.योजनामा स्थानान्तरण
९	आरान देखि लिगलिगकोट जाने पदमार्ग निर्माण योजना सि.नं. २७	१.५० लाख	आरान देखि लिगलिगकोट जाने पदमार्ग निर्माण योजना (प्र.म.)	१.५० लाख	प्र.म.योजनामा स्थानान्तरण
जम्मा		**२८ लाख**		**२८ लाख**	

अनियमित भएको	२८,००,०००

३१ पदाधिकारी सेवा सुविधाः

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा शिर्षकमा रु. १ करोड २३ लाख विनियोजन गरेकोमा ४९ जना जनप्रतिनिधिहरुको सेवा सुविधा, चाडपर्व सुविधा र बीमा सुविधा (३६ जनाको) समेत जम्मा रु. १ करोड २० लाख ८५ हजार खर्च गरेको छ ।

३२ ईन्धन खर्चः

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले यस वर्ष इन्धन शिर्षकमा रु. ४० लाख ५० हजार बजेट विनियोजन गरेकोमा पदाधिकारी तथा कर्मचारी इन्धनका लागि जम्मा रु. १६ लाख ६९ हजार ६८४ खर्च गरेको छ ।

३३ मर्मत सम्भार खर्चः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु. २६ लाख ८४ हजार ९१२ खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण खर्च सम्बन्धमा एकीकृत अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना गरी मितव्ययी रुपमा खर्च गर्नुपर्दछ ।

क्र.सं.	मर्मत सम्बन्धी विवरण	विनियोजन रु.	खर्च रु.
१	सवारी साधन मर्मत	३००००००	१३०२०००
२	मेशिनरी औजार मर्मत	७०००००	६०३०००
	जम्मा रु.	३७०००००	१९०५०००

३४ **तलब भत्ता भुक्तानीः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित गराई पालिका तर्फका ३१ स्थायी र अन्य अस्थायी कर्मचारीको तलब भत्तामा पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. १९१४७००० र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका ३३ कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट रु. २ करोड ३६ लाख ३२ हजार ३०१ खर्च लेखेको छ ।

तलब भत्ता भुक्तानी सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्।

३४.१ **बीमाकोष थपः** राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६ को बुँदा ६.१ मा बीमा कार्यक्रममा सहभागी कार्यालयहरुले सहभागी कर्मचारीको प्रत्येक महिनाको मासिक पारिश्रमिकबाट कट्टा गरिने रु. ४०० र नेपाल सरकारको तर्फबाट थप गरीदिने रु. ४०० गरी मासिक जम्मा रु. ८०० (वार्षिक रु. ९६००) बीमा शुल्क (बीमा प्रिमियम) रकम सहभागीले ब्यक्तिगत रुपमा कोषले तोकेको बैंक खातामा रकम जम्मा गर्नु गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकामा कार्यरत वरिष्ठ प्रशासकीय अधिकृत ऋषिभक्त वाग्लेलाई पारिश्रमिक भुक्तानी गर्दा नेपाल सरकारको तर्फबाट थप गरीदिने मासिक रु. ४०० भुक्तानी भएपनि निजको पारिश्रमिकबाट कट्टा गर्नुपर्ने रु. ४०० कट्टा नगरिएको र मासिक रुपमा बीमाशुल्क रु. ८०० कोषले तोकेको बैंक खातामा जम्मा गरेको देखिएन । कर्मचारीको पारिश्रमिक तथा बीमा सुविधा बापतको रकम भुक्तानी गर्दा कार्यविधिको पालना हुनुपर्दछ ।

३४.२ **पोशाक सुविधाः** निजामती सेवा नियमावली, २०५० को नियम ६१(४) मा अध्ययन बिदामा बस्दा निजामी कर्मचारीले पूरा तलब पाउनेछ भनेर उल्लेख गरिएको भएपनि कार्यक्षेत्रमा कार्यरत अवस्थामा मात्र पाउने स्थानीय भत्ता र अन्य सुविधा पनि पाउने सम्बन्धमा कुनै व्यवस्था नभएकोमा पालिकाले स्वास्थ्य तर्फ कार्यरत दुई जना स्थायी कर्मचारीहरु सबिना तिमल्सिना र अम्बिका सुनार अध्ययन बिदामा रहेको अवस्थामा निजहरुको पोशाक सुविधा बापत प्रतिव्यक्ति रु. १०००० का दरले जम्मा रु. २०००० भुक्तानी गरेको पाइएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२०,०००

३५ **सहकारी संस्थाको सञ्चालन तथा नियमनः**

लेखापरीक्षणमा पेश भएको सहकारी सम्बन्धी विवरणको अभिलेख अनुसार पालिकाको सुपरीवेक्षण कार्यक्षेत्रभित्र पर्ने २८ सहकारी रहेकोमा २१ वटा सहकारीले नियमित विवरण बुझाउने गरेकोमा ७ वटा सहकारीले विवरण समेत नबुझाएको र लेखापरीक्षण समेत गराएको पाईएन । नियमित विवरण बुझाउने २१ सहकारीमा ५५९१ जना शेयर सदस्यको रु ६ करोड ७५ लाख ३१ हजार शेयर पुँजी रहेको, बचतकर्ता संस्या उल्लेख नभएको तर बचत रकम रु. १९ करोड ७ लाख ५९ हजार रहेको, १६४० ऋणीहरुलाई रु. २३ करोड

३९ लाख ८ हजार ऋण लगानी गरेकोमा रु. २ करोड ३४ लाख ३२ हजार ऋण भाखा नाघेको पाईयो । पालिकाले यो वर्ष २१ मध्ये ५ सहकारीको अनुगमन गर्दा गत आर्थिक वर्षमा दिएको निर्देशन पालना नगरेको, समयमै साधारण सभा हुने नगरेको, समयमा विवरण तथा प्रतिवेदन नबुझाएको, लेखा सुपरीवेक्षण समितिको काम कारवाही प्रभावकारी नभएको तथा एउटै व्यक्ति एक भन्दा बढी संस्थाको लेखा सुपरीवेक्षण समितिमा बहाल रहेको, संचालक समितिले लगेको ऋणको प्रयोजन र धितो मुल्याङ्कन वस्तुनिष्ठ नदेखिएको, सहकारी तथा गरिबी निवारण व्यवस्थापन प्रणाली (कोपोमिस) मा वार्षिक कर चुक्ता गर्ने प्रयोजनाको लागि एक पटक विवरण समष्टिगत गर्ने बाहेक अन्य कुनै काम नगरेको, कानुन विपरित नियमित सार्वजनिक सेवामा रहेको व्यक्ति सहकारी संचालक रहेको, लेखापरिक्षण प्रतिवेदनमा नगरपालिकाबाट प्राप्त अनुदान रकम सहकारीको आम्दानी खातामा नदेखिएको लगायतका कैफियत रहको पाईयो । अनुगमनमा देखिएका कैफियतहरु सुधार गर्न लगाई बचत कर्ताको बचत रकम जोखिम नहुने गरी अनुगमनलाई थप कडाई गर्न पालिकालको गम्भिर ध्यान जानु पर्दछ ।

३६ **औषधि खरिदः**

पालिकाले औषधि खरिद गर्दा औषधिको म्याद १८ महिनाभन्दा बढी हुनेमा आपूर्तिको समयमा १८ महिना म्याद रहेको र सो भन्दा घटी म्याद हुनेमा कम्तीमा ७० प्रतिशत अवधि बाँकी रहेको औषधिमात्र मितव्ययी रुपमा खरिद गर्नुपर्दछ । पालिकाले यो वर्ष विद्युतिय वोलपत्रको मात्यमबाट रु. १११६७२३.०० को औषधी आपुर्तक चिराग फर्मेशी बाट खरिद गरेको छ भने चुन चुन फार्मेशीबाट रु. ८०८९९२.०० को औषधी कोटेशनबाट खरिद भएको पाईयो । बोलपत्र सम्बन्धी कागजात तथा सम्झौतामा पालिकालाई वर्षभरी आवश्यकपर्ने औषधी टेण्डर दरमा नै आपुर्ति हुनुपर्ने गरी उल्लेख नभएको कारण बोलपत्रको माध्यमबाट छनौट भएको आपुर्तकले सम्झौतामा उल्लेख गरे भन्दा बढी औषधी आपुर्ति गर्न नसकिने जनाएको पाईयो । सोही कारण कोटेसन दर र टेण्डर दरको तुलना गर्दा कोटेसन बाट खरिद भएका ९५ आईटम मध्ये साविक टेण्डरमा उल्लेख भएका ६३ आईटमको लागी मात्र पालिकाले रु. ५,९९,२१८.०० बढी लागत तिर्नु परेको देखिन्छ । आपुर्तकले औषधी आपुर्ति गरे पश्चात लिएको निरिक्षण प्रतिवेदनमा औषधीको नाम, स्वरुप, स्ट्रेन्थ र परिमाण उल्लेख भए तापनि उत्पादन मिति, व्याच नम्बर र म्याद समाप्त हुने मिति उल्लेख नगरेको कारण औषधीको म्याद १८ महिना भन्दा बढी अवधीको भए नभएको तथा १८ महिना भन्दा घटी अवधी रहेको औषधीको self Expairy को ७० प्रतिशत समय बाँकी रहे/नरेहको सम्बन्धमा यकिन हुन सकिएन । औषधि आपुर्ति पश्चातको निरीक्षण प्रतिवेदनमा उल्लेखित सम्पुर्ण व्यहोरा खुलाई प्रतिवेदन पेश गर्नुका साथै बोलपत्र सम्बन्धी कागजात र सम्झौतामा समेत बोलपत्रमा कवोल गरेको दरमा आपुर्तकले वर्षभरी औषधी आपुर्ति गर्नु पर्ने गरी मितव्ययी रुपमा औषधी खरिद व्यवस्थापन हुनु पर्ने देखिन्छ । औषधी आपुर्ति पश्चात तयार गरिने निरीक्षण प्रतिवेदनमा औषधीको उत्पादन मिति, व्याच नम्बर र म्याद समाप्त हुने मिति समेत उल्लेख गरी तोकिएको अवधीको म्याद भएको सुनिश्चित हुनु पर्दछ ।

३७ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १७८३७४००० विनियोजन भएकोमा रु. १६५९९१९५२ खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

३७.१ **सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक तथा स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

३७.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन । कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ।

३७.३ **बेरुजु फिर्ताः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा पदमार्ग निर्माण, सिँढी निर्माण र नाला निर्माण तथा मर्मतका १३ वटा प्याकेजमा कार्यक्रम सञ्चालन गरी जम्मा २१५ जना सूचीकृत बेरोजगारहरु मध्ये ४० जनालाई औसत ६३.८३ दिनका दरले जम्मा २५५३ दिन रोजगारी उपलव्ध गराई ज्याला बापत कुल रु. १७ लाख ५ हजार ४०४ खर्च गरेको छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ६६ लाख ८ हजार मध्ये लक्षित वर्गलाई औसत ८२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ३१ लाख ७१ हजार १९८ खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३९ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकालाई संघीय सशर्त अनुदान रु. १३ लाख प्राप्त भएकोमा पालिकाले तपशिल बमोजिम रु. ७८३८५० खर्च गरेको छ ।

क्र.सं.	कार्यक्रम /प्याकेजको नाम	विस्तृत विवरण	खर्च रु.	कैफियत
१.	उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता	१ जनालाई	३०३६००	
२.	नयाँ उद्यमी सिर्जना तर्फ (हलुका सवारी चालक तालिम)	(२७ जनालाई एक महिना)	३९१५००	सेवा क्षेत्र सम्बन्धी सीप विकास तालिम
३.	सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम	वडा नं. ८	२०४००	
४.	व्यवसाय सम्बन्धी सचेतना तालिम	वडा नं. ८	६८३५०	
	जम्मा खर्च रु.		७८३८५०	

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।

उद्यमशीलता विकास तालिमः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २(ग) मा उद्यमी भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता गरी उद्योग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा समूह तथा २(घ) मा

उद्यमशीलता विकास तालिम भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने उद्देश्यले गरिने व्यवसायिक तालिम सम्झनुपर्दछ भनेर उल्लेख गरिएको छ । निर्देशिकामा भएको व्यवस्था अनुसार उद्यम विकास कर्यक्रम अन्तर्गत उद्यमीलाई लघु उद्यम विकास सम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेमा पालिकाले यस वर्ष सेवा क्षेत्रसँग सम्बन्धित हलुका सवारी चालक तालिम सञ्चालनमा रु. ३९१५०० खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	३,९१,५००

४० **कृषि तथा पशुमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट कृषि तर्फ ९२२ जनाको लागि रु. ७१ लाख ३० हजार ७५७ र पशु तर्फ १५६ जनाको लागि रु. ९ लाख ११ हजार २२७ गरी १०७८ जनालाई कृषि तथा पशुमा अनुदान वितरण गर्न जम्मा रु. ८० लाख ४१ हजार ९८४ खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ ।

कृषि तर्फको अनुदान वितरण विवरण					
क्र.सं.	अनुदानको किसिम	लाभान्वित व्यक्ति/समूह	विनियोजन रु.	खर्च रु.	कैफियत
१	आलु खेती प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान)	७५	४०००००	३५३३३५	नगरपालिका
२	तोरिको बीउ वितरण (५० प्रतिशत अनुदान)	५४	५००००	४८७५०	नगरपालिका
३	बाझो जमिनमा कृषि उत्पदनका लागि प्रोत्साहन अनुदान	४	३०००००	१८४३४०	नगरपालिका
४	अकबरे खुर्सानी खेति प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान)	६	२०००००	१४७०००	नगरपालिका
५	स्प्रेयर वितरण कार्यक्रम (५० प्रतिशत अनुदान)	४३	५००००	४९२५०	नगरपालिका
६	फलफुलको विरुवा वितरण कार्यक्रम (५० प्रतिशत अनुदान)	४६	२०००००	१८४२६५	नगरपालिका
७	मौसमी तरकारी बीउ वितरण कार्यक्रम (७५ प्रतिशत अनुदान)	९५	२५००००	२४४५८७	नगरपालिका
८	व्यवसायिक च्याउ खेति प्रवर्द्धन कार्यक्रम	२	१०००००	९१२४७	नगरपालिका
९	बाली संरक्षण सामाग्री खरिद तथा निशुल्क वितरण कार्यक्रम	६८	२०००००	१९०३००	नगरपालिका
१०	स्टार्ट अप भिमाद कृषि परियोजनाका लागि सपोर्ट कार्यक्रम	६	५०००००	५०००००	नगरपालिका
११	प्लाष्टिक पोखरी निर्माण कार्यक्रम (५० प्रतिशत अनुदान)	५	२०००००	११०४६२	नगरपालिका
१२	फलफुल विरुवा वितरण कार्यक्रम (७५ प्रतिशत अनुदान)	७८	१०००००	९६७०७	नगरपालिका
१३	मौरी सहितको घार वितरण कार्यक्रम (७५ प्रतिशत अनुदान)	२६	२०००००	१९५०००	नगरपालिका
१४	निशुल्क बिउविजन तथा फलफुल बोट विरुवा खरिद कार्यक्रम	११९	१०००००	१०००००	नगरपालिका
१५	आलुको बीउ वितरण कार्यक्रम (५० प्रतिशत अनुदान)	५०	२०००००	१९८६००	नगरपालिका
१६	कृषकहरुको लागि ५० प्रतिशत अनुदानमा कृषि सामाग्री खरिद तथा वितरण	३०	१०००००	९४२५०	नगरपालिका
१७	हाते ट्याक्टर खरिद तथा वितरण (५० प्रतिशत अनुदान)	२४	५०००००	५०००००	नगरपालिका
१८	व्यवसाय दर्ता भएका फर्म समूह र सहकारीलाई आधुनिक मेशिनरी औजार (७९HP हाते ट्याक्टर) वितरण कार्यक्रम (५० प्रतिशत अनुदान)	१४	५०००००	२१६१३२	नगरपालिका
१९	गरिब कृषकहरुलाई (७० प्रतिशत अनुदानमा कृषि टनेल, खाधान्न, तरकारी र फलफुलका बिउविजन तथा विरुवा वितरण)	९	३५००००	२७८६००	नगरपालिका
२०	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहुँ/मकै)	१२२	७७५०००	२२६९००	सशर्त
२१	स्टार्ट अप भिमाद कृषि परियोजना	६	५०००००	४९१६०६	नगरपालिका
२२	स्टार्ट अप भिमाद कृषि परियोजना	नखुलेको	२५०००००	२२२०७३६	नगरपालिका
२३	सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम निरन्तरता	४०	६०००००	४०८६९०	सशर्त
	जम्मा	९२२	८८७५०००	७१३०७५७	

पशु तर्फको अनुदान वितरण विवरण:					
क्र.सं.	अनुदानको किसिम	लाभान्वित व्यक्ति / समूह	विनियोजन रु.	खर्च रु.	कैफियत
१	उन्नत जातका बाच्छीतथा पाडी हुर्काउने कृषकको लागी अनुदान	१५	१५००००	१५००००	नगरपालिका
२	खरी बाख्रा संरक्षणतथा प्रवर्द्धन कार्यक्रम (५० प्रतिशत अनुदान)	२	४०००००	३७०२९२	नगरपालिका
३	हिउँदेबर्षे बहुवर्षीइ र डाले घाँसका बिउ तथा बिरुवा वितरण (५० प्रतिशत अनुदान)	११३	२१००००	१५८८२४	नगरपालिका
४	उत्कृष्ट बाख्रपालककृषक सम्मान कार्यक्रम	६	१०००००	९६०००	नगरपालिका
५	बाख्राको खोर सुधारकार्यक्रम (७५ प्रतिशत अनुदान)	१०	२०००००	१३६१११	नगरपालिका
६	उन्नत जातको ब्याडबोका वितरण (६० प्रतिशत अनुदानमा)	१०	२५००००	२४९८४०	नगरपालिका
	जम्मा	१५६	१३१००००	९११२२७	

कृषि तथा पशुमा अनुदान सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार छन् ।

• किसानले खरिद गरेका र पालेका बाख्रा, बोकामा अनुदान प्रदान गरिएकोमा बाख्रा र बोकाको जात, स्वास्थ्य अवस्था र गुणस्तर सम्बन्धमा पशु प्राविधिकले चेक जाँच गरी प्रमाणित गरिएको छैन ।

• अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा पालिकाको अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन ।

तसर्थ पालिकाले प्रष्ट मापदण्ड सहितको कार्यविधि बनाई उन्नत जातको स्वस्थ र गुणस्तरीय पशुमा प्राविधिक जाँचको प्रमाणको आधारमा मात्र अनुदान वितरण गर्नुपर्दछ । अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा उत्पादनमा आधारित ठूला अनुदानका कार्यक्रम संचालन गरी व्यवसायिक कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । कृषि तथा पशुमा अनुदान सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ भने अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।

४१ **नमुना विद्यालय भवन निर्माणः**

केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यावस्थापन अनुदान अन्तर्गत श्री जनज्योती माध्यमिक विद्यालयको भवन निर्माण वापत मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु. ९७९७६८५.०० को लागत अनुमान स्वीकृत भएकोमा विद्युतिय बोलपत्रको माध्यमबाट खरिद प्रकृया सुरु भई निर्माण व्यवासयी विजेन्द्र कन्सट्रक्सन एण्ड सप्लायर्ससँग वापत मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु. ६८४८४७२.३१ कवोल मुल्यमा मिति २०८१।०३।२० सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०८१।०१।०३ मा सम्झौता भएको पाईयो । निर्माण कार्यको अन्तिम बिलको भुक्तानी गर्दा भेरिएसन भई नयाँ सम्झौता मुल्य रु. ७५०३८४६.६९ कायम भएकोमा रु. ७३४७९५८.६७ भुक्तानी भएको पाईयो । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् ।

४१.१ **पि.एस.को भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ बमोजिम प्रोभिजनल समको भुक्तानी गर्दा खर्चको पुष्टि र प्रमाणित हुने बिल भरपाई संलग्न गरी भुक्तानी गर्नु पर्ने उल्लेख छ । पालिकाले यस जनज्योती माध्यमिक विद्यालयको भवन निर्माण कार्यको देहाय अनुसारका प्रोभिजनल समको भुक्तानी गर्दा सोको प्रमाण संलग्न गरेको नदेखिएकोले उक्त रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु.

सि.नं.	आईटम	भुक्तानी	कैफियत
१	वीमा	४७५१३.२४	रित पुर्वकको वीमा पोलिसी संलग्न नभएको
२	एज विल्ट नक्सा	२००००.००	प्रमाणित एजविल्ट नक्सा तथा सो नक्सा बनाउनेलाई भुक्तानी भएको खर्चको पुस्ट्याई संलग्न नभएको ।
	जम्मा	६७५१३.२४	

असुल गर्नुपर्ने	६७,५१३

४१.२ **भेरिएसनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियमावली ११८ अनुसार भेरिएसन आदेस अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्नेमा विद्यालयका प्रधानाध्यापन तथा निर्माण व्यवसायी बिच सम्झौता भएकोमा मिति २०८१।०३।१४ मा परिमार्जित ठेक्का सम्झौता गरी शुरु सम्झौताको ९.७५ प्रतिशतले हुने रु. ५७९९८९.०७ थप गरी भेरिएसन गरेको पाईयो । नियमावली अनुसार रा.प. द्धितीय श्रेणीको सार्वजनिक निकायको प्रमुखबाट ५ प्रतिशत भन्दा बढी रकमको भेरिएसन स्वीकृत गर्न सक्ने नदेखिएको हुदा सो भेरिएसन नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	५,७९,९८९

४१.३ **सुपरभिजन बापत परामर्श खर्चः** प्राविधिक मुल्याङ्कन कागजातको परीक्षणबाट नमुना विद्यालयको निर्माणको प्राविधिक सुपरभिजन लगायतका मुल्याङ्कन र नापी किताव प्रामणित जस्ता कार्यहरु नगरपालिकाको प्राविधिक शाखाबाट भईरहेको देखियो । श्री जनज्योती मा.वि. र आर्किटेक्टस प्रा.लि. आर्किटेक्टस प्रा.लि. बिचको सम्झौता संलग्न राखी यस विद्यालयको भवन निर्माणको लागी लागत अनुमानत तयार गर्ने, सुरभिजन गर्ने कार्य उल्लेख गरी श्री जनज्योती माध्यमिक विद्यालयलाई गो.भौ.नं. ३५ मिति २०८१।०३।२३ बाट (संघीय शसर्त) रु. ९८,८००.०० निकासा गरेको पाईयो । सम्झौता भएको परामर्शदाताले कार्य गरेको कुनै प्रमाण संलग्न नरहेको, लागत अनुमान तयारी देखी सुपरभिजन र प्राविधिक मुल्याङ्कन गर्ने सम्मका कार्य नगरपालिकाका प्राविधिकबाट भएको देखिदा कुनै काम नै नगरी सम्झौताको आधारमा परामर्शदातालाई भएको भुक्तानी सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोष दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	९८,८००

४२ **निशुल्क शिक्षाः**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७६ मा माध्यमिक शिक्षा सम्म निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने उल्लेख भएकोमा पालिका अन्तर्गतका विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा एक विद्यालयले अविभावक सहयोग शुल्क शिर्षकमा शुल्क लिएकोमा सोको लेखापरिक्षण प्रतिवेदन मा खुलासा गरेतापनी अन्य को सम्बन्धमा आन्तरिक आय मात्र खुलेको तर उक्त आयको श्रोत सहितको अनुसुची संलग्न भएको देखिएन । पालिका अन्तर्गतको बालशैक्षिक मा.वि. वाडा नं. ३ जलौदीले अविभावक सहयोग शुल्क शिर्षकमा नर्सरी देखी १० कक्षा सम्म मासिक रु. २३० देखि रु. ६५० सम्म र परिक्षा शुल्क वर्षमा ४ पटक रु. ११० देखी रु. २७० सम्म असुल गर्ने गरेको पाईयो । अन्य विद्यालयको समेत नियम विपरित विद्यार्थी/अविभावकबाट शुल्क असुल गरे/नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरी असुल गरेको भएमा अविभावकले प्रदान गर्ने स्वैच्छिक सहयोग बाहेक मासिक रुपमा शुल्क उठाउनेलाई कारवाही गरी सम्बन्धित विद्यार्थी/अविभावकलाई फिर्ता गर्ने व्यवस्था गर्न पालिकाबाट गम्भीर हुनुपर्दछ । साथै सबै विद्यालयको लेखापरीक्षण प्रतिवेदनमा एकरुपमा कायम गर्न प्रतिवेदनमा समावेश हुनु पर्ने न्युनतम विषय सम्बन्धमा समन्वय हुनुपर्दछ।

४३ **थप शिक्षक र कर्मचारीः**

नेपालको संविधानको अनुसूची ८ को आठौँ बुँदामा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने गरी सूचीकृत गरिएको छ । आधारभूत र माध्यमिक तह अध्यापन हुने विद्यालयमा कार्यरत स्वीकृत दरबन्दीका शिक्षक तथा कर्मचारीको सेवा सुविधाको लागि संघीय सरकारले वित्तीय हस्तान्तरण अन्तर्गत सशर्त अनुदान उपलब्ध गराउँदै आएकोमा पालिकाले संघीय सशर्त

अनुदान प्राप्त नभएको उल्लेख गर्दै आन्तरिक आय र राजस्व बाँडफाँडबाट प्राप्त स्रोतबाट खर्च व्यहोर्ने गरी तपशिल बमोजिम पालिकातर्फबाट करारमा नियुक्त गरी शिक्षक तथा कर्मचारीको सेवा सुविधामा ११ विद्यालयमा १३ बालविकास सहजकर्ताको लागि रु. २३२७००० र ८ विद्यालयमा एकएक जना कम्प्युटर शिक्षकको लागि रु. १८४८००० समेत जम्मा रु. ४१७५००० खर्च गरेको छ ।

नगरपालिका तर्फ बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता विवरण

क्र.सं.	विद्यालयको नाम	बालविकास वि.सं.	नगरतर्फका सहजकर्ता	मासिक तलब	वार्षिक खर्च रु.	कैफियत
१	जनज्योति मा.वि.	३१	२	१३०००	३४८०००	संघीय अनुदान प्राप्त बालविकास सहजकर्ता कार्यरत नरहेको
२	हिमालय मा.वि.	११०	१	१३०००	१७९०००	
३	बुचाखानी मा.वि.	१९	१	१३०००	१७९०००	
४	कोषनर प्रा.वि.	२८	१	१३०००	१७९०००	
५	शिव प्रा.वि.	१२	२	१३०००	३४८०००	
६	जनप्रेमी प्रा.वि.	७	१	१३०००	१७९०००	
७	बालविद्याश्रम प्रा.वि.	७	१	१३०००	१७९०००	
८	ज्ञानज्योति सामुदायिक आ.वि.	३	१	१३०००	१७९०००	
९	प्रगतिशील प्रा.वि.	८	१	१३०००	१७९०००	
१०	किहुँ प्रा.वि.	९	१	१३०००	१७९०००	
११	सिद्ध प्रा.वि.	६	१	१३०००	१७९०००	
	जम्मा	१४०	१३		२३२७०००	

नगरपालिकातर्फ कार्यरत कम्प्युटर शिक्षक विवरण

क्र.सं.	विद्यालयको नाम	शिक्षक सं.	मासिक तलब	कक्षा	विद्यार्थी सं.	ICT Lab	वार्षिक खर्च रु.
१	पार्वती मा.वि.	१	१७०००	१ देखि १०	१३५	भएको	२३१०००
२	हिमालय मा.वि.	१	१७०००	२ देखि १०	१४५	भएको	२३१०००
३	बालज्योति आ.वि.	१	१७०००	३ देखि १०	१२६	भएको	२३१०००
४	शंकर मा.वि.	१	१७०००	४ देखि १०	२३९	भएको	२३१०००
५	अरुणोदय मा.वि.	१	१७०००	५ देखि १०	१५५	भएको	२३१०००
६	रघु मा.वि.	१	१७०००	६ देखि १०	११९	भएको	२३१०००
७	बालविकास मा.वि.	१	१७०००	७ देखि १०	१२५	भएको	२३१०००
८	कल्याण प्रा.वि.	१	१७०००	८ देखि १०	५९	भएको	२३१०००
	जम्मा	८	१३६०००		११०३		१८४८०००

४४ **फरक क्रियाकलापमा खर्चः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ को उपनियम १ अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट पोखरामा आयोजित खेल महोत्सवको लागि आर्थिक सहयोग बापत भौ.नं. ५९६ - ०८१।०३।१९ बाट सूर्यतारा क्लब पोखरालाई रु. ५०००० भुक्तानी गरेको पाइयो । यसरी पालिकामा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनको लागि विनियोजित बजेट तोकिए भन्दा फरक कृयाकलापमा खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	५०,०००

४५ **विद्यालयको कोष सञ्चालनः**

शिक्षा नियमावली, २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य संचालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गतका निम्नानुसारका १२ विद्यालयले रु. ६६ लाख ६७ हजार २०८ विभिन्न सहकारीमा जम्मा गरेको पाईयो । पालिका बाट प्राप्त बिवरण तथा सहकारी सम्बन्धी अभिलेख बमोजिम १४ वटा सहकारीमा रु. २ करोड ३४ लाख ३२ हजार भाखा नाघेको ऋण रहेको देखिँदा नियम विपरित विद्यालयको कोष जोखिमयुक्त सहकारीमा जम्मा गरेको देखिएकोले नियमानुसार सहकारीबाट नजिकको वाणिज्य बैंकमा सो रकम सारेको प्रमाण पेश हुनु पर्ने रु.

सि.नं.	विद्यालयको नाम	लेखापरीक्षण प्रतिवेदन अनुसार विद्यालयको खाता रहेका सहकारीहरु	जम्मा रकम रु.
१	बुचाखानी मा.वि	साना किसान सहकारी संस्था लि.	६०००००
२	सिद्धार्थ आ.वि.	किहुँ बचत तथा ऋण सहकारी संस्था लि.	२४१३
३	धर्म मा.वि	भिमाद बचत तथा ऋण सहकारी संस्था	७६०८४
		सिद्ध बहुउद्देश्य सहकारी संस्था	७५३७
४	कल्याण आ.वि.	सिद्ब सहकारी संस्था लि.	११७७४
५	बालविद्याश्रम आ.वि.	भिमाद बचत तथा ऋण सहकारी संस्था	१६८७
		शुलभ बचत तथा ऋण सहकारी संस्था	२१५०६
६	बालकल्याण आ.वि.	सिद्ब सहकारी संस्था लि.	८४२३
७	दिपक मा.वि.	पाटन बचत तथा ऋण सहकारी संस्था लि.(रेडक्रस)	११७७५७
		पाटन बचत तथा ऋण सहकारी लि.	३९२७७९७
		पाटन बचत तथा ऋण सहकारी लि. मुद्दति	११११११
		सिद्ध बहुउद्देश्य सहकारी संस्था	७९८७
८	जनज्योति आ.वि.	पाटन बचत तथा ऋण सहकारी संस्था	१०३८३९
		भिमाद बचत तथा ऋण सहकारी संस्था	२७५७
९	हिमालय मा.वि.	सिद्ब सहकारी संस्था लि.	२३४८६
		सिद्ब सहकारी संस्था लि.	९०००००
१०	पार्वती मा.वि.	भैरव सहकारी संस्था लि. चल्ती	४१८२८
		भैरव सहकारी संस्था लि. मुद्दती	२०००००
		भैरव सहकारी संस्था लि. (देवदमन्ती)	१०५५५५
११	नर प्रा.वि.	भू.पू. प्र.अ. धिरेन्द्र थापा नगद जिम्मा	४७७४५
१२	जनज्योति मा.वि.	कामना बचत तथा ऋण सहकारी संस्था लि.	८५९००
		सिद्ध बहुउद्देश्य सहकारी संस्था	१०१०८३
		भिमाद बचत तथा ऋण सहकारी संस्था	८९२२६
		सहयोगि बचत तथा ऋण सहकारी संस्था	७१७१३
जम्मा रकम			६६६७२०८

प्रमाण पेश नगरेको	६६,६७,२०८

४६ **खेलकुद विकासः**

गण्डकी प्रदेशको 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८' को दफा २३ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ । तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ । पालिकाले यस वर्ष राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन

तथा व्यवस्थापन शिर्षकमा रु. १५ लाख र वडा स्तरीय खेलकुद समेत खेलकुद तर्फ जम्मा रु. २५ लाख बजेट विनियोजन गरेकोमा अधिकांश रुपमा ससाना र पटके खेलकुद कार्यक्रमको खर्च भुक्तानी गरी रु. २३ लाख ६६ हजार २५७ खर्च लेखेको छ । पालिकले नगर तथा वडा स्तरीय खेलकुद विकास समिति गठन नगरी हालसम्म कुनै पनि खेलकुद विकास कार्ययोजना बनाएको छैन भने टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय र नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र वार्षिक क्यालेण्डर समेत बनाएको छैन । तसर्थ खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४७ **दिवा खाजा कार्यक्रमः**

दिवा खाजा कार्याक्रमको कार्यक्रम नं ७.१ अन्तर्गत स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालन गरेबापत प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि विद्यालयगत तथ्याङकका आधारमा प्रति विद्यार्थी प्रतिदिन रु. १५ का दरले विद्यालयमा उपस्थित भएको दिनमा मात्र एक वर्षमा बढीमा १८० दिनको दिवा खाजा बापतको रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकामा दिवा खाजा कार्यक्रमको लागि यस वर्ष संघीय सशर्त अनुदान मार्फत रु. ७६ लाख ७९ हजार विनियोजन भएकोमा पालिकाले बालविकास देखि ५ कक्षा सम्म अध्ययनरत २५३० जना विद्यार्थीको दिवा खाजा बापत ४२ वटा सामुदायिक विद्यालयलाई जम्मा रु. ६३ लाख ५५ हजार २५३ निकासा गरेको छ । कुल निकासा मध्ये तपशिल बमोजिमको विद्यालयमा बालविकास देखि कक्षा ५ सम्म EMIS को तथ्याङ्क अनुसारको विद्यार्थी संख्या अनुसार प्रतिविद्यार्थी प्रतिदिन रु. १५ का दरले अधिकतम १८० दिनको दिवा खाजाको निकासा हुनुपर्ने भन्दा रु. ११२६६५ बढी निकासा भएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	विद्यार्थी संख्या	वर्षमा१८० दिनको प्रतिविद्यार्थी प्रतिदिन रु. १५ का दरले जम्मा निकासा		
			हुनुपर्ने रु.	निकासा रु.	बढी निकासा रु.
१	बाल कल्याण आ.वि.	५१	१३७७००	१४४१६५	६४६५
२	बालशैक्षणिक आ.वि.	१७१	४६१७००	४९१९२५	३०२२५
३	बालज्योति आ.वि.	८९	२४०३००	२५४९७०	१४६७०
४	बुद्धज्योति आ.वि.	२६	७०२००	७२७८०	२५८०
५	ज्ञानज्योति सामुदायिकआ.वि.	२२	५९४००	६६३४५	६९४५
६	जनप्रेमी प्रा.वि.	२४	६४८००	६६०३०	१२३०
७	किहुँ आ.वि.	४८	१२९६००	१३१९७०	२३७०
८	कोषनर आ.वि.	७६	२०५२००	२१६६४५	११४४५
९	पार्वती मा.वि.	८१	२१८७००	२३०६२५	११९२५
१०	प्रगतिशील आ.वि.	३०	८१०००	८७७०५	६७०५
११	पृथ्वी मा.वि.	५८	१५६६००	१५९५२५	२९२५
१२	सुरेन्द्रज्योति आ.वि.	४७	१२६९००	१४२०८०	१५१८०
	जम्मा	७२३	१९५२१००	२०६४७६५	११२६६५

असुल गर्नुपर्ने	१,१२,६६५

४८ **उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरु को जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले मालेबगर फर्निचर भित्रि सडक तथा नाला निर्माण निर्माण तथा सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएको पाईयो । अनुभवी र व्यवसायिक ज्ञान भएका निर्माण व्यवसायीबाट गराउनु पर्ने कार्य यसरी उपभोक्ता समितिबाट गराउदा काममा गुणस्तर नहुने र वास्तविक लाभग्राहीले सो काममा अपनत्व समेत बोध गर्ने अवस्था नहुने हुदा यस्तो कार्य नियम सम्मत देखिदैन । उपभोक्ता समितिलाई दिईएको कार्य मध्ये देहाय अनुसार कालोपत्रे गर्ने कार्य जटिल र प्राविधिक ज्ञान आवश्यक पर्ने प्रकृतिको कार्य समेत उपभोक्ता समितिबाट गराई भुक्तानी भएको रकम नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु

क्र.सं	आईटम	परिमाण	दर	रकम
१	Sub grade	१०३.९३	१०८.७१	११२९८.२३
२	Sub Base	४४.४९	२१०९.७५	९३८६२.७८
३	Base Course	३४.२३	२०५८.१३	७०४४९.७९
४	Prime Coat	३४२.२१	२५३.८७	८६८७६.८५
५	Tack Coat	१७१.११	२०७.६७	३५५३४.४१
६	Premix Carpet	६.८५	१८९००.६	१२९४६९.११
७	Sealed Coat	३४२.२१	१००.६१	३४४२९.७५
जम्मा				**४६१९२०.९२**

अनियमित भएको	४,६१,९२१

४९ **भेरिएसन बेगर भुक्तानीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको अवस्था सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ठ कारण खुलाई भेरिएसन आदेश स्वीकृत गरेर कार्य अगाडी बढाउनु पर्ने व्यवस्था छ । कार्यालयले किहुमार्ग कालोपत्रे योजनामा देहायका आईटममा सम्झौताको बि.ओ.क्यू. मा भएको परिमाण भन्दा बढि हुने गरि भुक्तानी गरेको पाईयो । पालिकाले बि.ओ.क्यू. भन्दा बढी हुने गरी कार्य गरी भुक्तानी गरेका देहाय अनुसारको आईटममा भएको भुक्तानी नियम सम्मत नदेखिदा प्राविधिक पुष्ट्याई सहित भेरिएसन आदेश स्वीकृत गरी नियमित हुनुपर्ने रु.

क्र.सं.	आईटम	BOQ परिमाण	वास्तविक परिमाण	बढी परिमाण	दर	रकम
१	Sub grade	७२७.२	७९३.७२	६६.५	५०	३३२६
२	Sub Base	३६३.६	४७६.२३	११२.६	१०००	११२६३०
३	Base Course	२४२.४	२९४.८४	५२.४	२३००	१२०६१२
४	Prime Coat	२४२४	२९४८.४५	५२४.५	१३०	६८१७८.५
५	Tack Coat	१२१२	१४८२.८	२७०.८	१००	२७०८०
६	Premix Carpet	४८.४८	५८.९७	१०.५	१६०००	१६७८४०
७	Sealed Coat	४०४	५२३	११९	२००	२३८००
जम्मा						५२३४६६.५
मुल्य अभिबृद्धि कर						६८०५०.६५
कुल जम्मा						**५९१५१७.१५**

अनियमित भएको	५,९१,५१७

५० **कार्य स्वीकार प्रतिवेदन जारी नगरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा तोकिएको ढाँचामा सो को प्रतिवेदन दिनु पर्ने र सो पश्चात भुक्तानीका लागी आर्थिक प्रशासन शाखामा पठाउनु पर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्ष खरिद सम्झौता गरेर कार्य सम्पन भएको भनी अन्तिम बिल भुक्तानी भएका धेरै योजनाको नियमावलीले तोके अनुसारको ढाँचामा कार्य स्वीकार प्रतिवेदन जारी गरेको पाईएन । सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी अन्तिम बिल भुक्तानी गर्नु अगावै पालिकाले कार्य स्वीकार गर्ने र सो मिति देखी लागु हुने गरी त्रुटि सच्याउने अवधि लागु भएको जानकारी दिने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५१ **थुम्कीडाडा खानेपानी योजनाः**

यस खानेपानी निर्माणका लागि निर्माण व्यवसायी श्री बुद्धशिव कन्सट्रक्सन एण्ड सप्लायर्ससँग मिति २०८१।०३।२० भित्र कार्य सम्पन्न गर्ने गरी मु. अ. करसमेत ठेक्का रकम रु. ३४,००,५०५.८१ मा पालिकाले मिति २०८१/०२/१७ मा सम्झौता गरेको पाईयो । गण्डकी प्रदेश सरकारको विषेश अनुदानमा निर्माण भईसहेको यस योजनाको लागी छोटो अवधी राखी निर्माण प्रारम्भ गरेकोमा सो अवधीमा निर्माण सम्पन्न हुन नसकी मिति २०८१।०५।२० सम्म निर्माण कार्यको म्याद थप भएको पाईयो । यस निर्माण कार्य वापत यो आर्थिक वर्षमा रु. २९,१५,८४१.०० भुक्तानी भएको र बाँकी कार्य वापतको लागी आर्थिक वर्ष २०८१।८२ मा रु ५ लाख बजेट विनियोजन गरेको तर लेखापरीक्षण अवधी (मिति २०८१।११।०५) सम्म कार्य सम्पन्न गरी भुक्तानी गरेको पाईएन । यस पालिकाबाट मिति २०८१।०३।१५ मा भएको अनुगमन प्रतिवेदन अनुसार ८६ प्रतिशत निर्माण कार्य सकिएको र पाईप बिछ्याउने कार्य मात्र बाँकी रहेको भनी प्रतिवेदन पेश गरेकोमा नापी कितावमा पाईप खरिद तथा फिटिङ्गका कार्य सम्पन्न भएको भनी नापी गरेको पाईयो । गण्डकी प्रदेश सरकारको पुर्ण अनुदानमा निर्माण सम्पन्न हुने यस निर्माण कार्यको समयमा निर्माण कार्य नसकिदा यस पालिकालाई रु. ४,८४,६६४.८१ थप व्यभार परेको देखिदा सम्झौता अनुसारको कार्य तोकिएको समयमै सम्पन्न गरी अनुदानको पुर्ण सदुपयोग र पालिकालाई व्ययभार नपर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । प्रथम रनिङ्ग बिलको नापी किताव अनुसार देहायका कार्य बाँकी रहेकोमा अनुगमन प्रतिवेदनमा पाईप बिछ्याउने कार्य बाँकी रहेको उल्लेख गरेको देखिदा के कति काम बाँकी रहेको भन्नेमा विस्वस्त हुन सकिएन । सम्झौतामा तोकिएको समयमा निर्माण सम्पन्न गर्ने र अनुगमन समितिले निर्माण स्थलमा देखिएका वास्तविक व्यहोरामात्र सो अनुगमन प्रतिवेदनमा राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

क्र.सं	बाँकी कामको विवरण
१	Wash out chamber
२	Suspended Crossing
३	Pipe Anchorage
४	Tap stand
५	Gate For fencing

५२ **रित पुर्वकको कर विजक तथा ननफाईलरः**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म सँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नु पर्ने व्यवस्था छ । तर यस पालिकाले ऐनले तोके अनुसारको रित पुर्वकको कर बिजक नलिई बिजक नम्बर हातले केरमेट गरेको र A4 साईजको रातो पेपरमा बिजक छपी पेश गरेको आधारमा भुक्तानी दिएको पाईयो । पालिकाले निर्माण व्यवसायी गणपती कन्सट्रक्सन प्रा.लि. ले वडा नं. ८ को भवन निर्माण कार्यको लागी निर्माण व्यवसायीले पेश गरेको बिजकका आधारमा भुक्तानी गरिएको साथै निर्माण व्यवसायी श्री राजेन्द्र।विवस।ज्यावडन्बा जे.भी. ननफाईलर रहेको अवस्थामा समेत देहाय अनुसारको भुक्तानी गरेको देखिँदा देहाय अनुसारको भुक्तानीको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.

गो.भौ.नं. र मिति	बिजक नं	मू.अ.कर.रकम	७०% मू.अ. कर रकम	कैफियत
१२-२०८०।०६।०९	०१	५८१३०४.२८	४०६९१३	वि.नं. केरमेट गरी ०१ बनाईएको ।
१-२०८०।०९।१९ र ५-२०८१।०३।३१	-	७५३८८७.८३	५२७७२१.४८	मिति २०८० कार्तिक देखि ननफाईलर रहेको।
जम्मा			९३४६३४.४८	

प्रमाण पेश नगरेको	९,३४,६३४

५३ **सडक बोर्डबाट बढी रकम मागः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१७७,९३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५४ **ढिला गरी म्याद थपः**

सार्वजनिक खरिद नियमावलीको नियम १२० अनुसार निर्माण कार्यको म्याद थप गर्दा तोकिएको म्याद समाप्त हुनु २१ दिन अगावै पेश भएको निवेदनको आधारमा कार्यालयलाई निवेदनमा उल्लेख गरिएको कारण मनासिव देखिएमा कार्यालयले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले सिद्ध गुफा मोटरमार्ग स्तरोन्नती कार्यको लागी मिति २०८१।०४।१५ सम्म म्याद हुने गरी खरिद सम्झौता गरेकोमा सो निर्माण कार्यको मिति २०८१।०५।१६ देखी लागु हुने गरी म्याद थप गरेको पाईयो । पालिकाले आफैले सम्झौतामा दिएको म्याद समाप्त भएको अवस्थामा समेत सो म्याद देखि लागु हुने गरी म्याद गप गर्नु पर्नेमा सो भन्दा एक महिना पछी देखी लागु हुने गरी म्याद थप गरेको देखिदा सो बिचमा एक महिना (मिति २०८१।०४।१६ देखी २०८१।०५।१५) सम्म खरिद सम्झौता शुन्य अवस्थामा रहेको पाईयो । कार्यालयले खरिद सम्झौताको म्याद समाप्त हुने दिन देखिनै लागु हुने गरी म्याद थप गर्नु पर्ने तर्फ ध्यान दिनु पर्दछ ।

क्र.सं.	योजना	सम्पन्न मिति	म्याद थपेको मिति
१	सिद्ध गुफामोटरमार्ग स्तरोन्नती	२०८१।०४।१५	२०८१।०५।१५देखी लागु हुने गरी

५५ **१५ शैय्या अस्पताल भवन निर्माणः**

यस भिमाद नगरपालिकामा १५ शैय्याको अस्पताल निर्माणका लागि निर्माण व्यवसायी श्री राजेन्द्र/विवस/ज्यावडन्बा जे.भी. सँग मिति १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी मु. अ. करसमेत ठेक्का रकम रु. ११,५२,०९,९६३.२७ मा पालिकाले मिति २०७८/०३/२५ मा सम्झौता गरी कार्य भईरहेको छ । भवन निर्माण कार्य बापत यो आर्थिक वर्ष सम्ममा तीनवटा रनिङ्ग बिलबाट रु. २,५४,१५,०६१.३६ भुक्तानी भएको छ । पालिकाले भेरिएसन स्वीकृत गरी नयाँ सम्झौता रकम रु. ११,८६,६७,२२०.८७ कायम गरेको र विभिन्न समयमा दुई पटक म्याद थप गरी निर्माण अवधी मिति २०८१।०६।२४ सम्म थप गरेको पाईयो । निर्माण कार्यको ठेक्का सम्बन्धी पेश भएका कागजात परीक्षणबाट देखिएका बेहोरा निम्न छन् ।

५५.१ **डि पी आर प्रतिवेदन स्वीकृतिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क बमोजिम त्रुटिपूर्ण डिजाईन गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारबाहीको भागिदार हुने व्यवस्था गरेको छ । पालिकाले १५ शैयाको अस्पताल निर्माणको लागी DPR निर्माण गर्ने कार्यको लागी अरनिको ईन्जिनियर्स प्रा.लि. लाई गो.भौ.नं. १ मिति २०७८।०३।२२ बाट रु. १९,९१,६२५.०० भुक्तानी गरेको पाईयो । परामर्शदाताले दिएको ड्रईङ्ग डिजाईन सहितको DPR प्रतिवेदन मिति २०७७।११।२१ को कार्यपालिका बैठकले स्वीकृत गरेको पाईयो । भवन निर्माणको लागी ४१३१.६५ All type of soil खन्न आवश्यक रहेको भनी सिफारिस गरेको र सो अनुसारनै निर्माण व्यवसायीसँग सम्झौता भएको देखियो । निर्माण व्यवसायीले भवनको जग खन्ने समयमा कडा चट्टान लागेको हुदा ब्रेकर प्रयोग गरी चट्टान फुटाउनु पर्ने भनी भेरिएसन स्वीकृत गर्न माग गरेको देखियो । भवन निर्माणको लागी डाँडा सम्याउनु पर्ने र सो स्थानमा चट्टान रहेको सम्म DPR तयार गरी पेश गर्ने परामर्शदाताले जानकारी गराएको नदेखिदा सो परामर्शदताले वास्तविक निर्माण स्थलमा गई वस्तु स्थितिको अध्ययन नगरी प्रतिवेदन तयार पारेको देखिन्छ । निर्माण कार्य गर्दा २५४९.६० घ.मि. चट्टान फुटाउन मात्र रु. ३०,५९,५२०.०० थप खर्च लागेको पाईयो । DPR तयारी गर्दा वास्तविक निर्माण स्थलमा गई सो स्थानको बिस्तृत अध्ययन गरी बिभिन्न स्थानको माटो परीक्षण गर्ने, निर्माणको लागी सिफरिस गर्ने भवनको डिजाईनको Column को फाउण्डेसनको जमिनको अवस्था, सो मध्ये केही फाउण्डेसन तथा निर्माण स्थलमा ढुंगा रहे नरहेको नाप जाँच गरी प्रतिवेदन दिनु पर्नेमा डाँडा सम्याई भवन निर्माण गर्नु पर्ने स्थानमा समेत कडा चट्टान रहे नरहेको अध्ययन नै नगरी प्रतिवेदन तयार गरी पेश गरेको देखिन्छ । अस्पतालको र्‍याम्प र सिडी लगायतका संरचना निर्माण गरीने क्षेत्रमा कडा चट्टान रहेको स्पष्ट देखिएको अवस्थामा समेत कडा चट्टान कटान गर्नु पर्ने भनी सिफारिस नगरी साधारण माटो खन्ने कार्य भनी सिफारिस गरेको देखिदा बास्तविक बस्तु स्थितिको अध्ययन बिना DPR तयार गरी पेश गर्ने परामर्शदातालाई पालिकाले आर्थिक वर्ष २०७७।७८ मा रु. १९,९१,६२५.०० भुक्तानी गरेको रकम सम्बन्धित परामर्शदातालाई जिम्वेवार बनाई नियमित हुनु पर्ने रु.

अनियमित भएको	१९,९१,६२५

५५.२ **निर्माण कार्यको अस्वभाविक कवोल रकमः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा बोलपत्रको विषेश मुल्याङ्कन सम्बन्धी व्यवस्था गरेको छ । निर्माण व्यवसायीले कुनै आईटमको मुल्य अस्वभाविक रुपमा न्युन कवोल गरेको अवस्थामा मुल्याङ्कन समितिले सम्बन्धित निर्माण व्यवसायीबाट सोको दर बिष्लेषण माग गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले निर्माण व्यवसायीको कवोल दर परीक्षण गर्दा निर्माण कार्यको अन्तिममा गरिने ईलेक्ट्रिक तथा स्यानीटरी कार्यको लागी अविस्वसनिय रुपमा न्युनतम कवोल गरेको भनी दर बिश्लेषण माग गरेकोमा निर्माण व्यवसायीले मिति २०७८।०२।२७ मा आफैसँग मौज्दात रहेको हुदा Transport तथा Labor दर मात्र समावेश गरी पेश गरेको भनी स्पष्टीकरण पेश गरेको र सोको आधारमा थप ८ प्रतिशत जमानत पेश गर्न लागाई कार्यादिश दिएको पाईयो । निर्माण व्यवसायीले भवनमा जडान गरिने लिफ्टको दर समेत अस्वभाविक रुपमा रु. ५००.०० (पाच सय) कवोल गरेको साथै अन्य सामाग्रिमा समेत अस्वभाविक रुपमा न्युनतम कवोल गरेको र निर्माण कार्यको प्रगति समेत एकदमै न्युन रहेको देखिँदा निर्माण सम्पन्न हुनेमा विस्वस्त हुन सकिएन । निर्माण व्यवसायीले देहाय अनुसार ईलेक्ट्रिक कार्य र स्यानीटरी कार्यमा न्युन रकम कवोल गरेको देखिदा निर्माण तोकिएको गुणस्तर कायम हुने गरी सम्पन्न गर्ने तर्फ पालिकाको बिषेश ध्यान जानु पर्दछ ।

क्र.सं.	कामको विवरण	लागत अनुमान Vo समेत	कवोल रकम Vo समेत	घटी %
१	Civil Work	१३४४९९८५४.५६	९७९०१८०४.०९	२७.२१
२	Electroc work	११४०५१२१.३६	२९५५१२५	७४.०९
३	Sanitary & HVAC	९५४२९८६.४८	२१२०७००	७७.७८
जम्मा (PS र VAT बाहेक)		१५५४४७९६२.४	१०२९७७६२९.०९	३३.७५

५५.३ **पेश्की रकममा मुल्य बृद्धि भुक्तानीः** कार्यालयले मुल्य समायोजन भुक्तानी गर्दा भुक्तानी भएको मोबिलाईजेशन पेश्की कटाएपछि बाँकी बिल रकममा मूल्य समायोजन भुक्तानी गर्नु पर्दछ । पालिकाले यस १५ शैया अस्पताल भवन निर्माण गर्ने निर्माण व्यवसायी श्री राजेन्द्र/

विवस/ज्यावडन्बा जे.भी. लाई पेश्की रकम समायोजन नघटाई पेश्की रकममा समेत मूल्य समायोजन वापत भुक्तानी दिएको छ । पेश्की रकमबाट निर्माणव्यवसायीले अग्रिम रूपमा निर्माण सामाग्री खरिदलगायतको व्यवस्थापन गरिसक्ने हुँदा सो बराबरको रकममा मूल्य समायोजन गर्न नपर्ने अवस्थामा समेत पेश्कीमा मूल्य समायोजन दिने गरी सम्झौता गरेको कारण देहाय अनुसार थप व्ययभार पारेको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

क्र.सं.	रनिङ्ग बिल	पेश्की रकम	CPA Index	CPA रकम
१	दोस्रो	४२५५५८०	०.२	८५१११६
२	तेस्रो	१२३५०२५	०.२	२४७००५
जम्मा				१०९८१२१
मुल्य अभिबृद्धि कर				१४२७५५.७३
कुल जम्मा				**१२४०८७६.७३**

असुल गर्नुपर्ने	१२,४०,८७७

५५.४ **मुल्य समायोजन भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ तथा खरिद सम्झौताको शर्त अनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ । कार्यालयले मूल्य समायोजन वापत निर्माण व्यवसायीलाई भुक्तानी दिँदा निर्माण व्यवसायीले पेश गरेको मितिले ३० दिन पहिलेको इन्डेक्स लिई गणना गर्दा आउने फ्याक्टरका आधारमा समायोजन भुक्तानी दिएको देखियो । निर्माण व्यवसायीले निर्माण कार्य सुरु गरेको मिति देखी रनिङ्ग विल पेश भएको अवधीसम्मै निर्माण सामाग्री प्रयोग गर्ने हुदा काम सुरु भए देखी बिल पेस भएको अवधी सम्म हुने मुल्य बृद्धिले सो निर्माण व्यवसायीलाई असर गर्ने हुन्छ । त्यसैले सो अवधी बिचको इन्डेक्सको औसतमा गणना गरी आउने फ्याक्टरका आधारमा भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन । यसका कारण गणना फरक परी निर्माण व्यवसायीलाई भुक्तानी दिनु पर्नेभन्दा बढी रकम भुक्तानी भएको पाईयो । यसरी बढी भुक्तानी भएको देहाय अनुसारको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

क्र.सं.	रनिङ्ग बिल	बिल रकम	पेश्की रकम	Adj. रकम	CPA Index	CPA रकम
१	प्रथम	३४९८३७०.०९	**०**	३४९८३७०.०९	०.१२	४१९८०४.४१
प्रथम रनिङ्ग बिलमा भुक्तानी हुनु पर्ने						**४१९८०४.४१**
प्रथम रनिङ्ग बिलमा भुक्तानी भएको						**७३४६५७.७२**
बढी भुक्तानी भएको						३१४८५३.३१
मुल्य अभिबृद्धि कर						४०९३०.९३
कुल जम्मा						**३५५७८४.२४**

असुल गर्नुपर्ने	३,५५,७८४

५५.५ **वीमाको भुक्तानीः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । वीमा वापत कार्यालयले सम्बन्धित निर्माण व्यवसायीलाई ई.सं. २०२३ डिसेम्बर ३१ सम्म म्याद रहेको वीमा पोलिसीका आधारमा रु. ४,८४,४५७.६९ भुक्तानी गरेकोमा सो पश्चात निर्माण कार्यको म्याद थप गरे तापनि वीमाको म्याद थप गरेको देखिएन । कार्यालयले वीमाको म्याद समाप्त भएको मिति देखी लेखापरीक्षण अवधी (मिति २०८१।११।०५) सम्म वीमाको म्याद

थप गरेको नदेखिँदा वीमा वापत पालिकाले भुक्तानी गरेको रकम रु. ४,८४,४५७.६९ उपयोग विहिन देखिँदा सोको म्याद निर्माण अवधि सम्म थप गरेको प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	४,८४,४५८

५५.६ **क्रेडिट लाईनः** पालिका र निर्माण व्यवसायी बिच भएको सम्झौता अनुसार निर्माण व्यवसायीले रु. २,६०,००,०००.०० को क्रेडिट लाईन पेश गर्ने पर्ने उल्लेख गरिएको र सो अनुसार निर्माण व्यवसायी राजेन्द्र/विवस/ज्यावडन्बा जे.भी. ले १८ महिना (ई.स. २०२३।०१।०८ सम्म मान्य अवधी रहेको) म्याद रहेको 006CLCGT7800028 नम्बरको क्रेडिट लाईन पेश गरेको पाईयो । सम्झौता अनुसार निर्माण अवधी सम्म सो क्रेडिट सुविधा उपलब्ध गराउने प्रतिवद्धता सहित पेश भएकोमा निर्माण कार्यको म्याद दुई पटक थप गर्दा समेत क्रेडिट लाईनको म्याद म्याद थप भएको नदेखिदा सम्झौता अनुसार निर्माण अवधी सम्म मान्य हुने सम्म सोको म्याद थप गरी अद्यावधिक हुनु पर्दछ ।

५५.७ **निर्माण कार्यको म्याद ;**निर्माण कार्यको सम्झौनिर्माण कार्यको म्यातामा उल्लेख भएको म्याद भित्र निर्माण सम्पन्न गरिनु पर्दछ । तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकेमा सो को स्पष्ठ कारण सहित निवेदन पेश गरी सम्झौताका सर्त अनुसार म्याद थप गरी निर्माण कार्यलाई निर्माण व्यवसायीले पुर्णता दिनु पर्दछ । निर्माण व्यवसायीले निर्माण कार्यको लागी रु. १,९९,८०,०००.०० पेश्की लिई ३ वर्ष ८ महिना व्यतित हुदा समेत सम्झौताका सर्त तथा कार्य तालिका अनुसार कार्य गरेको पाईएन । निर्माण व्यवसायीले सम्झौतामा उल्लेख भएको Employer’s Requirement अनुसारको कार्य नगरेमा जुनसुकै बेला त्रुटि सच्याउन लगाउन सक्ने र सो सच्याउन नमानेमा जुनसुकै बेला ठेक्का अन्त्य गर्न सकिने गरी सम्झौतामा व्यवस्था गरेकोमा सो नगरी कार्यपालिकाबाट एकै पटक १/१ वर्षको लागी म्याद थप गर्ने कार्य उपयुक्त देखिएन । निर्माण व्यवसायीले निर्माण कार्य नगरि बस्ने, पेश्की रकमको उपयोग सम्बन्धित निर्माण कार्यमा नगर्ने तथा निर्माण कार्य समेत तोकिएको समयमा नगरेको अवस्थामा सम्झौताको GCC ७२.१ बमोजिम कारवाही गर्नु पर्नेमा सो नगरी कार्यपालिकाबाट म्याद थप गरिनु उपयुक्त र कानुन सम्मत देखिएन । निर्माण व्यवसायीले कार्य नगरी बसेको, वीमाको म्याद थप नगरेको, कार्य सम्पादन जमानत रु. ३,०४,१०,०००.०० को म्याद निर्माण अवधीको १३ महिना भन्दा बढी हुने गरी अवधी थप गर्नु पर्नेमा सो नगरेको तथा निर्माण कार्यको म्याद मिति २०८१।०६।२४ मा समाप्त भएको (लेखापरीक्षण अवधी मिति २०८१।१०।०५ सम्म) ३ मिहिना व्यतित हुदा समेत थप नगरेको र निर्माण व्यवसायीले निर्माण सम्पन्न गर्ने प्रतिवद्धता सहित निवेदन समेत पेश गरेको नदेखिदा यसरी काम नगरी बस्ने निर्माण व्यवसायीको निर्माण कार्यको म्याद थप गर्ने आधार समेत नदेखिदा सार्वजनिक खरिद ऐन तथा नियमावली र खरिद सम्झौताका शर्त अनुसार रु. ३,०४,१०,०००.००को कार्य सम्पादन जमानत र निर्माण कार्यको म्याद को टुंगो लगाउनु पर्दछ।

५५.८ **पेश्कीको उपयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेमा तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत लिनु पर्ने व्यवस्था छ । कार्यालयले यस १५ शैया अस्पताल भवन निर्माण कार्यका निर्माण व्यवसायी राजेन्द्र/विवस/ज्यावडन्बा जे.भी. लाई भुक्तानी भएको पेश्की रु. १,९९,८०,०००.०० मध्ये रु. ५४,९०,६०५.०० फर्स्यौट गरी रु. १,४४,८९,३९५.०० पेश्की बाँकी रहेको पाईयो । सम्झौता भएको ३ वर्ष ८ महिना (लेखापरीक्षण अवधी सम्म) समाप्त हुदा समेत २० प्रतिशत मात्र प्रगति भएको देखिदा निर्माण व्यवसायीले निर्माण कार्यको लागी माग गरेको पेश्की रकमको प्रयोग सोही भवन निर्माणमा गरेकोमा विस्वस्त हुन सक्ने अवस्था देखिदैन । निर्माण कार्यमा ढिलाई, पेश्कीको प्रयोग निर्माण कार्यमै गरेकोमा दुविधा तथा म्याद निर्माण कार्यको समाप्त हुदा समेत म्याद थप समेत भएको नदेखिदा सो पेश्की रकमको उपयोग सम्बन्धित निर्माण कार्यमा भएको देखिदैन । यसरी तोकिएको स्थान भन्दा अन्यत्र उपयोग गरी निर्माण कार्य अलपत्र पार्ने निर्माण व्यवसायीबाट सो निर्माण कार्य बापत भुक्तानी भएको पेश्की असुल तथा संघीय सञ्चित कोष दाखिला गरी पेश्की फछ्र्यौट हुनु पर्ने रु.

असुल गर्नुपर्ने	१,४४,८९,३९५

५५.९ **भेरिएसनबाट थप परिमाणको भुक्तानीः** सशर्त अनुदानको प्रयोग गर्दा सो कार्यको लागी सम्बन्धित सरकारले तयार गरेको मापदण्डको अधिनमा रहि कार्य गर्नु पर्ने र तोकिएको मापदण्डको अधिनमा रहि भुक्तानी गर्नु पर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुदानमा निर्माण गरिने ५/१०/१५ शैया अस्पताल भवन निर्माणको लागी भवनको निर्माण गर्न पुरा गर्नु पर्ने मापदण्ड सम्बन्धित स्थानीय तहले पुरा गरेको हुनु पर्ने र मन्त्रालयले तोकेको शर्तको अधिनमा रहि सो निर्माण कार्यको भुक्तानी गर्नु पर्दछ । मन्त्रालयले सो भवन निर्माणको सम्झौता रकम अनुसारको भुक्तानी मात्र उपलब्ध गराउने र सो को लागी सम्झौता भए पश्चात सो को जानकारी मन्त्रालयमा गराउनु पर्ने भनी आर्थिक वर्ष २०७७।७८ मै पत्राचार गरेको पाईयो । सम्झौता रकम भन्दा फरक हुने गरी सिर्जना भएका थप खर्चको भुक्तानी मन्त्रालयले व्यहोर्ने गरी व्यवस्था गरेको पाईएन । यसै सम्बन्धमा अन्तिम पटक मन्त्रालयले च.नं. १०४४ मिति २०८१।१०।०९ बाट समेत अतिरिक्त दायित्व जस्तै भेरिएसन, मुल्य समायोजन, पुरस्कार तथा लागत भन्दा बढी भएको सम्झौता रकम लगायतका भुक्तानी सम्बन्धित स्थानीय तहले गर्नु पर्ने गरी पत्राचार गरेको देखिन्छ । तर पालिकाले मन्त्रालयबाट नबेहोर्ने भनिएको सम्झौता अंक भन्दा फरक पर्ने गरी भेरिएसन बाट परिमाण थप गरी रु. ३०,५९,५२०.०० र मुल्य समायोजन वापत रु. २१,९५,९६८.४२ (कुल मुल्य समायोजन रकम रु. ३६,०८,९४२.७३ मध्ये रु. १४,१२,९७४.३१ छुट्टै दफामा असुल गर्नु पर्ने गरी लगती लगती बेरुजु कायम भएको) गरी कुल रु. ५२,५५,४८८.४२ रकम समेत संघीय सरकारको सशर्त बजेटबाट भुक्तानी भएको देखिन्छ । यसरी संघीय संचितकोषबाट भुक्तानी गर्न नमिल्ने रकम रु. ५२,५५,४८८.४२ पालिकाको आफ्नै संचितकोषबाट भुक्तानी हुने गरी समायोजन हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	५२,५५,४८८

५५.१० **निर्माण स्थलको अवलोकनः** निर्माण व्यवसायीसँग सम्झौता भएको ३ वर्ष ६ महिना बिति सक्दा समेत भवन निर्माण कार्यकोलागी तीन वटा भवन मध्ये एउटा भवनको प्रथम तलाको ढलान गर्न फर्मा लगाउने कार्य गरेको देखियो । निर्माण कार्यको म्याद समाप्त भएको तीन महिना बिति सक्दा समेत निर्माण व्यवसायीले म्याद थप गर्न आवश्यक कागजात सहित निवेदन पेश गरेको नदेखिएको र निर्माण स्थलमा निर्माण कार्य समेत सम्झौताका शर्त अनुसार प्रगति हाँसिल हुने गरी गरेको देखिएन । पालिकाका प्राविधिक सँगको स्थलगत अवलोकनको क्रममा प्राविधिकबाट जानकारी गराए अनुसार निर्माण व्यवसायीले करिब एक वर्ष पश्चात मात्र ढलानको लागी फर्माको काम गरेको पाईयो । निर्माण व्यवसायीले म्याद थप गर्दा पेश गरेको निर्माण कार्यको कार्य तालिका अनुसार प्रगति हुने गरी निर्माण कार्य गरेको नदेखिएको, ढलान गर्न आवश्यक मात्रामा डण्डी, गिट्टि, वालुवा तथा सिमेन्ट र निर्माण कार्य गर्न कामदार समेत खटाएको नदेखिदा निर्माण व्यवसायी सो भवन निर्माण कार्य प्रति प्रतिवद्ध रहेको देखिएन । पालिकाले खरिद सम्झौताका शर्त अनुसार निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमै निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य गराउने तर्फ ध्यान दिनुपर्दछ ।

५६ **कार्य सम्पन्न अगावै कार्य सम्पन्न गरेको अनुगमन प्रतिवेदनः**

सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भए पश्चात नगर उपप्रमुखको संयीजकत्वमा रहेको अनुगमन समितकीको स्थलगत अनुगमन बाट सम्पन्न भएको निर्माण कार्य तोकिएको गुणस्तर अनुसार छ भनी सिफारिस भए पश्चात मात्र निर्माण कार्यको अन्तिम भुक्तानी गर्नु पर्दछ । पालिकाले प्राविधिक शिक्षालय देखी देउराली निस्कने बाटो कालोपत्रे र चौतारी पार्क निर्माण कार्यको मिति २०८१।०३।१६

भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०८०।१०।१८ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले मिति २०८१।०२।३१ मा कार्य सम्पन्न भएको हुदा नापजाँच गरी भुक्तानी माग गरेको पाईयो । अनुगमन समितिले मिति २०८१।०२।०७ मा स्थलगत अनुगमन गरी मिति २०८१।०२।२० मा कार्य सम्पन्न भएको भनी उल्लेख गरेको पाईयो । कार्य सम्पन्न अगावै स्थलगत अनुगमन गरी मिति २०८१।०२।२० कार्य सम्पन्न भएको भन्न सकिने अवस्था नरहेने हुदा यसरी पेश भएको अनुगमन प्रतिवेदनको विस्वसनियता समेत हुने अवस्था देखिदैन । निर्माण व्यवसायीले नै जेठ मसान्तमा कार्य सम्पन्न भएको निवेदन दिएकोमा सो भन्दा एक महिना अगावै अनुगमन गरी कार्य सम्पन्न सन्तोषजनक भएको भनी पेश भएको अनुगमन प्रतिवेदनको आधिकारिकता समेत पुष्टि हुने देखिँदैन । पालिकाले स्थलगत अवलोकन गर्दा कार्य सम्पन्न भए पश्चात् स्थलगत रुपमै निर्माण स्थलमा गएर अनुगमन गरी विस्वसनिय प्रतिवेदन पेश गर्ने तर्फ अनुगमन समिति जिम्मेवार हुनु पर्दछ ।

५७ **ढिला बीमा गराएकोः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । कार्यालयले आयोजना निर्माण गर्न सम्झौता गरेको मा सम्झौता मिति भन्दा धेरै पछाडी गएर मात्र वीमा गरेको तथा वीमा गरे पनि मान्य अवधी भन्दा घटी अबधी हुने गरी, कुनै योजनामा १ दिनको लागि मात्र बीमा गरेको तथा बीना शर्तको वीमा हुनु पर्नेमा विभिन्न शर्त राखी बीमा गरेको पाईयो । यसरी देहायका योजनाहरुमा सम्झौता मिति भन्दा धेरै समय पश्चात बीमा गर्ने तथा सम्झौता अवधिको अन्तिममा आएर वीमा गर्ने र छोटो अवधिको लागी मात्र वीमा गरी भुक्तानी गरिएका योजनामा भएको वीमा वापतको खर्च उपयोग बिहिन देखिएको हुँदा सो बापत भएको भुक्तानी सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

क्र.सं.	योजनको नाम	सम्झौता	वीमा गरेको	भुक्तानी	कैफियत
१	किहुमार्ग कालोपत्रे	२०८०।०९।२३	२०८०।१२।१५	३३३८३.२६	
२	थुम्कीडाडाखानेपानी योजना	२०८१।०२।१७	२०८१।०३।०९	१४०१६	११ दिनको लागी मात्र वीमा
				१६७२०	काम सम्पन्न पश्चात १ वर्षको
३	क्याङ्दी देउराली सडक	२०८०।१२।०८	नगराएको	०	
४	वडानं १ र २ कार्यालय भवन स्तरोन्नती	२०८०।०१।२५	२०८०।०८।११	१८५५७	वीमा गरे पछीको अवधी cover नगर्ने शर्त
जम्मा				८२६७६	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१३,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१९,५७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८२,६७६

५८ **निर्माण स्थलको तयारीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपुर्ती वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणिय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान गर्न नहुने व्यवस्था गरेको छ । नगरपालिकाले निर्माण स्थलको सुनिस्चितता नगाराई सिद्धगुफा मोटरमार्ग स्तरोन्नती कार्यको वोलपत्र आह्वान गरी खरिद सम्झौता गरेको पाईयो । सम्झौता अनुसार ई.स. २०२४-०७-३० (मिति २०८१।०४।१५) भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी

खरिद सम्झौता गरेकोमा निर्माण व्यवसायीले मिति २०८१।०२।२४ मा स्थानीय अवरोधका कारण कार्य गर्न नसकेको हुदा काम गर्ने वातावरण मिलाईदिन अनुरोध सहित निवेदन पेश गरेको पाईयो । निर्माण स्थलको सुनिश्चितता नगरी खरिद सम्झौता गरीएका निर्माण कार्यको म्याद थप भई निर्माण कार्य भएको पाईयो । यसरी निर्माण कार्यको लागी आवश्यक पर्ने आधारभुत संरचनाको व्यवस्था नभई खरिद सम्झौता गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

५९ **दैकेडाँडा गिद्धेथुम्की सडक निर्माणः**

यस सडक निर्माणका लागि निर्माण व्यवसायी श्री ध्रुव लक्ष्मी कन्सट्रक्सन प्रा.लि. सँग मिति २०८१।०५।१५ भित्र कार्य सम्पन्न गर्ने गरी मू.अ. करसमेत ठेक्का रकम रु. १२,८७,५५७.९३ र मिति २०८१/०२/१७ मा पालिकाले निर्माण व्यवसायीसँग सम्झौता गरेको पाईयो । निर्माण व्यवसायी श्री ध्रुव लक्ष्मी कन्सट्रक्सन प्रा.लि.लाई पालिकाले कार्य सम्पन्न गरी मिति २०८१।०३।०७ मा अन्तिम बिलको भुक्तानी गरेको पाईयो । लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गर्दा सो कालो पत्रे गरिएको स्थानको धेरै ठाउँमा कालोपत्रे उप्किएको र सो स्थानमा पुन कालोपत्रे गर्न लगाएको, कालोपत्रेको सुरु बिन्दु देखी नै कालोपत्रे चर्किएको, सडको किनारा तर्फ बेस गर्दा Compaction नहुदा कालोपत्रे उप्किन लागेको अवस्थामा रहेको पाईयो । कालोपत्रे गरेको छोटो समयमै कालोपत्रे उप्किने अवस्थामा पुगेको र सडक किनाराबाट कालोपत्रे निस्किने अवस्थामा रहेको देखिदा सो कालोपत्रे सडक विभागको मापदण्ड अनुसार निर्माण भएको मान्न सकिने अवस्था देखिएन । यसरी निर्माण कार्य गुणस्तरि रहेको प्राविधिक पुष्ट्याई बेगर सो निर्माण कार्यको लागी गो.भौ.नं. ३५३ मिति २०८१।०३।०७ बाट रु. १२,६४,७२२.०० भुक्तानी गरेको नियम सम्मत नदेखिँदा सो कार्य सडक विभागको मापदण्ड अनुसार निर्माण भएको प्राविधिक पुष्ट्याई सहित नियमित गर्नु पर्ने रु.

अनियमित भएको	१२,६४,७२२

६० **भिम देउराली मोटरबाटो स्तरोन्नतीः**

भिम देउरालीमा ढलान सहितको मोटरबाटो निर्माण कार्य, ग्याबियन जाली भर्ने कार्य तथा नाला निर्माण कार्यको लागी निर्माण उपभोक्ता समिति संग मिति २०७९।०५।२७ मा सम्झौता गरी कार्यदिश दिईएकोमा उपभोक्ता समितिले तोकिएको गुणस्तरको कार्य नगरेको भनी सो आर्थिक वर्षमा निर्माण कार्यको पालिकाले भुक्तानी नगरेको भनी भुक्तानी नगरेको पाईयो । सो निर्माण कार्यका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखराबाट समेत प्रमाणित कागजात मागभएको र पालिकाले मिति २०७९।१०।०४ च.नं. ११४० बाट प्रमाणित कागजात आयोगलाई बुझाएकोमा आयोगबाट तत्पश्चात कुनै निर्णय तथा जवाफ प्राप्त भएको देखिएन । पालिकाले सो जवाफ प्राप्त नभएपछि पालिकाकै तीन जना प्राविधिक रहने गरी निर्माण कार्यको गुणस्तर परीक्षण गरी प्रतिवेदन पेश गर्न कार्यादिश दिएकोमा सो समितिले मिति मिति २०८०।०२।२५ मा प्राविधिक परीक्षण सहितको प्रतिवेदन पेश गरी सडक विभागबाट जारी भएको नर्म्स अनुसार निर्माण भएका ग्याबियन कार्य, नाला निर्माण तथा सडक ढलानको सोलिङ्ग सम्मको कार्यको भुक्तानी गर्न उपयुक्त भएको भनी प्रतिवेदन पेश गरेको पाईयो । उपभोक्ता समितिले तोकिएको गुणस्तर अनुसारको कार्य नगरेमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कारवाही गर्नु पर्नेमा निर्माण कार्य वापत केही आईटमको नापी गरी भुक्तानी गर्ने कार्य नियम सम्मत देखिएन । प्राविधिकले पेश गरेको प्रतिवेदनको सिफारिस अनुसार नगर कार्यपालिकाको मिति २०८१।०२।०७ को निर्णयले सम्बन्धित उपभोक्ता समितिलाई रु. ६७३०८८.०० भुक्तानी भएको पाईयो । लेखापरीक्षको क्रमममा निर्माण स्थलको स्थलगत अनुगमन गर्दा हाल पुर्वाधार विकास कार्यालयल, कास्की, पोखराले सडक निर्माणको ठेक्का लगाई निर्माण कार्य गराई रहेको पाईयो । नयाँ ठेक्का अनुसार निर्माण हुने सडकको मापदण्ड र पालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको सडकको मापदण्डमा फरकपना देखिदा पालिकाबाट निर्माण

भएको संरचनाको उपयोगिता समेत देखिएन । उपयोग विहिन हुने गरी भएको निर्माण कार्यको समेत पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार प्रतिवेदन जारी गरी भुक्तानी गरेको रकम नियम सम्मत देखिएन । पालिकाले रु. १९,५८,९७१.८७ को लागत अनुमान भएको निर्माण कार्य सम्बन्धित निर्माण उपभोक्ता समितिले रु ७,५३,९८३.३८ को मात्र कार्य गर्दा समेत कार्य स्वीकार प्रतिवेदन जारी गरी सम्बन्धित निर्माण उपभोक्ता समितिको जनसहभागिता कट्टि गरी गो.भौ.नं. ४७३-२०८१।०३।२४ बाट भुक्तानी गरेको रु. ६७३०८८.०० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	६,७३,०८८

६१ **घटी मोटाईमा कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा खरिद सम्झौता अनुसार रनिङ्ग बिल वा अन्य विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । पालिकाले गैह्रि स्वारा धारापानी मोटरमार्ग ढलान कार्यको लागी लागत अनुमान बनाउदा जनज्योती मार्ग देखी ३९.५ मिटर लम्बाईमा ढलान गर्न ०.१० मिटर मोटाईको ढलान गर्ने गरी स्वीकृती गरेकोमा निर्माण उपभोक्ता समितिले केवल ०.०८ मिटर मोटाईमा मात्र ढलान कार्य गर्दा समेत स्वकार गरी भुक्तानी गरेको पाईयो । तोकिएको मोटाई भन्दा घटी हुने गरी ढलान कार्य गरेको भुक्तानी दिन मिल्ने आधार नदेखिदा सो सम्बन्धमा पालिकाले निर्क्योल गर्नु पर्दछ । यस योजनाको ३८ मिटर लम्बाईमा १०.६४ घ.मी. कंक्रिट कार्य वापत प्रति घ.मी. रु. ९२३४.०२ का दरले भुक्तानी गरेको रु. ९८२४९.९८ स्वीकृत लागत अनुमान र सडकको स्पेसिफिकेशन बमोजिम भएको नदेखिदा सोको प्राविधिक पुष्ट्याई सहितको निर्माण कार्य सच्याईएको प्रमाण सहित नियमित हुनु पर्ने रु.

अनियमित भएको	९८,२५०

६२ **स्वास्थ्य संस्था तथा कार्यालयलाई ल्यापटप, ट्याबलेट खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज. (१) मा बोलपत्रदाताको योग्यता आवश्यक पर्ने मालसामान खरिद गर्दा बोलपत्र दाताले प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै रुपमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । प्राविधिक योग्यता आवश्यक नपर्ने तर बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने खरिद कार्यको लागी कुनै योग्यता आवश्यक नपर्ने तथा सिधै आर्थिक प्रस्ताव मात्र माग गरे पुग्ने गरी व्यवस्था गरेको छ । सार्वजनिक खरिद कार्य हेर्ने जिम्मेवारी पाएको निकाय सार्वजनिक खरिद अनुगमन कार्यालयले प्राविधि मुल्याङ्कन आवश्यक

पर्ने खरिद कार्यको लागी छुट्टै विड डकुमेन्ट र प्राविधिक मुल्याङ्कन आवश्यक नपर्ने खरिद कार्यको लागी छुट्टै बिड डकुमेन्ट आवश्यक पर्ने र सो सम्बन्धि बिड डकुमेन्टको नमुना समेत सम्बन्धित सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले अगस्ट २०२२ मा तयार पारेको प्राविधिक योग्यता आवश्यक नपर्ने खरिद कार्यको विड डकुमेन्टमा फर्म दर्ता, मु.अ.कर दर्ता, व्यासाय नविकरण तथा कर चुक्ता लगायतका कागजान मात्र अनिवार्य पेश गर्नु पर्ने र सो भन्दा बाहेकका व्यवसायको Turnover, Experience तथा अन्य विषेश योग्यता प्राविधिक योग्यता आवश्यक पर्ने खरिद कार्यमा अनिवार्य माग गर्नु पर्ने गरी विड डकुमेन्ट तयार गरिएको छ । पालिकाले single stage single Envelope विधिबाट खरिद गर्ने गरी खरिद कार्य गरेकोमा समेत व्यवसायको Turnover औषतमा रु. २७ लाख, Technical Experience दुई वर्षको हुनु पर्ने तथा एउटा ठेक्का कम्तिमा रु. २३,१८,८७५.०० को सफलता पुर्वक पुरा गरेको हुनु पर्ने गरी शर्त राखेको पाईयो । वोलपत्रमा सहभागी आपुर्तिकर्ता मध्ये Zenex Automation pvt.Ltd. ले सबै भन्दा घटी रु. २९,९९,५००.०० कवोल गरेकोमा समेत पालिकाको मुल्याङ्कन समितिले योग्यताका कागजात अनलाईनमा अपलोड नगरेको कारण सो आपुर्तिकर्ता अयोग्य ठहर गरी रु. ३४,२८,४२०.०० कवोल गर्ने J&J Traders Pvt.ltd.योग्य हुने गरी प्रतिवेदन पेश गरेको पाईयो । यसरी शर्त राख्दा सबै भन्दा घटी कवोल गर्ने कवोल कर्ता अयोग्य ठहर भई पालिकालाई रु. ४,२८,९२०.०० थप व्ययभार परेको पाईयो । देहायका शर्त राखी पालिकालाई थप व्ययभार परेको रकम नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु

क्र.सं.	माग गरिएको शर्त
१	size of Operation (3 years average turnover NPR 2700000)
२	Technical Experience (Minimum of last 2 years Experience in supply of similar Goods)
३	Minimum Supply Value of Goods under single Contract Nrs. 2318875.00 eithin last 3 years.

अनियमित भएको	४,२८,९२०

६३ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो । पालिकाले आ.व. २०८०।८१ मा मसलन्द तथा कार्यालय सामग्री र छपाइ सम्बन्धी सेवा पटक पटक सोझै खरिद गरी रु. ३८८४३८४ खर्च गरेको पाइयो । खरिद गर्नुअघि माग र आवश्यकताको विश्लेषण गरी खरिद योजना र लागत अनुमान समेत तयार नगरी सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ ।

मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद सम्बन्धी प्रमुख उदाहरणहरु				
क्र.सं.	**आपूर्तिकर्ता**	**भौचर नं.**	**खर्च रु.**	**कैफियत**
१	विभिन्न तीन फर्महरु	२६ - ०८०।०६।०६	१९२९५८	
२	शुभकामना सप्लायर्स	२३० - ०८०।१०।१०	९८५९३०	५० आइटम
३	श्रीकृष्ण स्टेशनरी एण्ड सप्लायर्स	५४४ - ०८१।०३।१२	९८४८२३	३८ आइटम
४	के.सी. अफसेट प्रेस	६४९ - ०८१।०३।२३	३६४४०९	२९ आइटम
	जम्मा रु.		**२५२८१२०**	
छपाई सम्बन्धी सेवा सोझै खरिद सम्बन्धी प्रमुख उदाहरणहरु				
क्र.सं.	**आपूर्तिकर्ता**	**भौचर नं.**	**खर्च रु.**	**कैफियत**
१	भिमाद अफसेट प्रेस एण्ड फ्लेक्स प्रिन्ट	३७४ - ०८०।१२।२८	८७५००	क्यालेण्डर
		४८ - ०८०।०६।०८	३०७६९९	विभिन्न छपाइ
		३०७ - ०८०।११।२४	७४३५४०	विभिन्न छपाइ
२	सप्तगण्डकी अफसेट प्रेस	४७ - ०८०।०६।०८	२१७५२५	नगर योजना
	जम्मा रु.		**१३५६२६४**	
	कुल जम्मा रु.		**३८८४३८४**	

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भिमाद नगरपालिका, तनहुँ , भिमाद नगरपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मोहन प्रसाद मरासिनी	२०८०-६-११	२०८१-६-४
कार्यालय प्रमुख	Tek Nath Dahal	२०७८-११-११	२०८०-६-११
कार्यालय प्रमुख	श्री कमलप्रसाद पुन	२०८१-६-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	श्री अर्जुन प्रसाद पौडेल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१६,९१९,६०१	१०,९८२,५१४	१३,४४१,२८८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४१,३४३,४०३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	२९४,९३८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४१,०४८,४६५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४६७८०१५८.६५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५४०४१७२११.७४	चालु खर्च	३६२६४०८०२.७८
प्रदेश सरकारबाट अनुदान	२९८६३६०२	पूँजीगत खर्च	१७१२४२६९८
राजश्व बाँडफाँट	११३९३५१८४.३१	वित्तीय/अन्य व्यवस्था	१९२५००६०६.३६
आन्तरिक आय	१६१८२३००.७		
अन्य आय	२६७३४११६.०९		
कुल आय	७२७१३२४१४.८४	कुल खर्च	७२६३८४१०७.१४
बाँकी मौज्दात		४७५२८४६६.३५	

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।